म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०८ मंगलबार १२ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 28 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जंगली माहुरीको टोकाइले दुई महिला घाइते

हेटौंडा, ११ मंसिर/हेटौंडा उपमहानगरपालिका-१६ चिसापानीमा खाग (जंगली माहुरी)को टोकाइबाट दुईजना महिला सख्त घाइते भएका छन् ।

सोमवार दिउँसो हेटौंडा-१६ चिसापानीमा स्थानीय ३२ वर्षकी सरु दंगालको घरमा आएर बसेको खागले टोक्दा उनीसहित उनकी छिमेकी ४५ वर्षीया मन्दिरा घिमिरे घाइते भएका हुन् । खागको टोकाईबाट दुवैको अनुहार र टाउकोमा दखल पुगेको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले बताए । दुवै घाईते आफैं उपचारको लागि हेटौंडा अस्पताल पुगेकोमा सरु दंगाललाई थप उपचारको लागि चितवन रिफर गरिएको र मन्दिराको भने हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रवक्ता भण्डारीले बताए ।

लैंगिकहिंसाविरुद्धको १६ दिने अभियान

## चार महिनामा बागमतीमा ७८६ र मकवानपुरमा ५५ हिंसाका घटना

निशा गुरुङ

हेटौंडा, ११ मंसिर/ लैंगिकहिंसाविरुद्धको विश्वव्यापी १६ दिने अभियान शनिबारदेखि सुरु भएको छ । संयुक्त राष्ट्रसंघको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिलाहिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रुपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिकहिंसाविरुद्धको १६ दिने अभियान समेत सन्चालन हुँदै आएको छ ।



नेपालमा पनि 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराकासाथ अभियान मनाइँदैछ । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले पनि अभियानको सन्दर्भमा सरकारी र गैरसरकारी क्षेत्रबाट प्रदेशका ११९ वटै स्थानीय तहभरि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सन्चालन गरिरहेको छ । हरेक वर्ष सरकारी र गैरसरकारी संघसंस्थाहरुले महिलाको क्षेत्रका विभिन्न कार्यक्रम गर्दै आएपनि लैंगिकहिंसा भने बढ्दै गएको तथ्यांकले देखाएको छ ।

बागमती प्रदेशका १० जिल्लामा (उपत्यकाको काठमाडौं, ललितपुर, भक्तपुरबाहेक) चालु आर्थिक वर्षको साउनदेखि कार्त्तिकसम्म ७ सय ८६ जना लैंगिकहिंसाका घटना भएको तथ्यांकले देखाएको छ । जसमा ४ सय २२ घरेलु हिंसाका घटना भएको पाइएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि कार्त्तिक महिनाको अवधिमा सबैभन्दा धेरै चितवन जिल्लामा लैंगिकहिंसाको घटना भएको जनाएको छ । चितवनमा ४ महिनाको अवधिमा ८१ जना लैंगिकहिंसाको घटना परेका छन् भने १ सय ६७ घरेलुहिंसा भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी वरिष्ठउपरीक्षक एवम् सूचना अधिकारी दीपक रेग्मीले जानकारी दिए ।

उनका अनुसार दोश्रोमा मकवानपुर रहेको छ । ४ महिनाको अवधिमा मकवानपुरमा ५५ जना लैंगिकहिंसाको घटनामा परेका छन् भने १ सय २ जना घरेलुहिंसाको शिकार बनेको तथ्यांकले देखाएको छ । त्यसैगरी, सिन्धुलीमा ३४ जना लैंगिकहिसांमा परेका छन् भने १९ जना घरेलुहिंसाको उजुरी परेको बागमती प्रदेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । रामेछापमा ४ महिनाको अवधिमा १२ वटा लैंगिकहिंसाको उजुरी परेका छन् भने ५ वटा घरेलुहिंसाको उजुरी परेको जनाएको छ । दोलखामा २० जना लैंगिकहिंसामा परेका छन् भने ६ जना घरेलुहिंसामा परेको तथ्यांकले देखाएको छ ।

यसैगरी, काभ्रेमा ६२ जना लैंगिकहिंसामा परेका छन् भने ६० जना घरेलुहिंसामा परेका छन् । सिन्धुपाल्चोकमा २२ जना लैंगिकहिंसामा परेको तथ्यांकले देखाएको छ भने २१ जना घरेलुहिंसामा परेका छन् । धादिङमा ३७ जना लैंगिकहिंसामा परेका छन् भने २३ जना घरेलुहिंसामा परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । नुवाकोटमा ३१ जना लैंगिकहिंसाका घटना भएको छ भने १८ जना घरेलुहिंसामा परेको तथ्यांकले देखाएको छ । र सुवामा लैंगिकहिंसाका घटना सबै भन्दा कम भएको तथ्यांकले देखाएको छ । रसुवामा २ वटा लैंगिकहिंसाका घटना भएका छन् भने एउटा घरेलु हिंसाका घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार गत आर्थिक वर्ष २०७७/७८ मा १ हजार ९३ वटा लैंगिकहिंसाका घटना भएका छन् भने ११ सय २६ घरेलुहिंसाका घटना भएका छन् । त्यसैगरी, आव २०७८/७९ मा बागमती प्रदेशमा १ हजार ८ वटा लैंगिकहिंसाका घटना भएका छन् भने १५ सय ७४ घरेलुहिंसाका घटना भएका छन् । त्यसैगरी आव २०७९/८० मा ११ सय ७४ लैंगिकहिंसाका घटना भएका छन् १३ सय ४६ घरेलुहिंसा भएको तथ्यांकले देखाएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी वरिष्ठउपरीक्षक एवं सूचना अधिकारी रेग्मीका अनुसार बलात्कार, जबर्जस्ती विवाह, पितृसात्तात्मक सोच, मनोवैज्ञानिक असर तथा आफन्तलगायतका कारण लैंगिकहिंसा हुँदै आएको पाइएको छ ।

गरिवी, अशिक्षा र जनचेतनाको अभावले लैंगिकहिंसाका घटना हुने गरेको सामाजिक विकास मन्त्रालय बागमती प्रदेशकी महिला विकास अधिृत चन्दाकुमारी ब्यान्जनकार बताउँछिन् । 'एउटा व्यक्तिले समाजमा घुलमिल हुन सिक्ने र सिकाइने मूल्य मान्यता, ब्यबहार, आचरण वा सिद्धान्तको प्रक्रियालाई सामाजिकीकरण भनिन्छ,' उनले भनिन्, ' र, यही सामाजिकीकरणको गलत अभ्यास नै लैंगिक विभेदको मुल कारण बनेको छ ।'

ब्यान्जनकारले यस प्रक्रियालाई समयानुकूल व्यबहारमा परिवर्तन नगरेसम्म कुनै देशको कानुन र न्यायालयले पनि लैंगिक असमानता र हिंसा अन्त्य गर्न नसकिने बताइन् । उनका अनुसार हाल प्रदेश सरकारले महिलाहिंसा न्यूनीकरण गर्न सामाजिक विकास क्षेत्रमा काम गर्ने प्रदेशका ११९ वटै स्थानीय तहका महिला बालबालिका शाखाका कर्मचारीहरुलाई वार्षिक रुपमै अभिमूखीकरण कार्यक्रम गर्दै आएको जानकारी दिइन् ।

उनले लैंगिकहिंसाबाट प्रभावित महिलाका लागि अल्पकालीन आश्रयसहितको जिल्ला सेवाकेन्द्र, मनोसामाजिक मनोपरामर्श केन्द्र र महिला संशत्तीकरण क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई चालु अनुदान तथा पुँजीगत सहयोग गरेर कार्यक्रम गरिरहेको र महिला उद्यमीहरुलाई सशक्तिकरण गराउने उद्यमशीलता विकास, वित्तीय पहुँच, सेवा पुँजीमा अनुदान दिदै आएको बताईन् । उनले हाल ४४ महिलाले उद्यमी प्रविधि सहयोगका लागि अनुदान पाईसकेको पनि जानकारी दिइन् ।

## बागमती प्रदेशमा 'मिल्क होलिडे'को समस्या

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ भारतीय बजारबाट सस्तो मूल्यको पाउडर दूध आयात रोक्न नसक्दा अहिले प्रदेशका किसानले मिल्क होलिडेको समस्या भेलिरहेका छन् ।

किसानहरु दैनिकजसो उत्पादित दूध बिक्री हुन नसक्दा मर्कामा परेका छन् । सरकारले किसानलाई अनुदान दिने नीति बनाउनु र विदेशी दूध आयातमा नियन्त्रण गर्न नसक्दा किसानहरु मिल्क होलिडेको प्रत्यक्ष असरमा परेका हुन् । बागमती प्रदेश सरकारले दूधको उत्पादन बढाउन दुग्ध उत्पादक कृषि सहकारी संस्थामार्फत किसानलाई प्रतिलिटर ३ रुपैयाँ ५२ पैसा अनुदान दिने नीति बनाएको छ । प्रदेशमा दूधको उत्पादन बढेसँगै पाउडर प्लान्टसमेत सञ्चालनमा ल्याउने तयारी गरेको सरकारले पाउडर प्लान्ट सञ्चालन गर्न सकेको छैन ।



दूधको उत्पादन बढाउन अनुदान लिएका मकवानपुरका तीन सय किसानले व्यावसायिकरुपमा पशुपालन गरेका छन् । ६१ वटा सहकारी संस्थामार्फत दैनिक ५० हजार लिटर दूध संकलन भइरहेको छ । तर, भारतीय बजारबाट आउने दुग्ध पदार्थसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपालका डेरी उद्योगले हप्तामा दुई दिन दूध संकलन नै गर्दैनन् । डेरी उद्योगले दूध नकिन्दा यहाँका किसानले मिल्क होलिडेको समस्या भेलिरहेका छन् ।

दूध उत्पादन गरे पनि बजार नपाइएको गुनासो गर्दै मकवानुपरका किसान तिलकप्रसाद ओस्तीले भने, 'सरकारी डेरीले पनि लिइराखेको छैन । सरकारले समेत ध्यान दिन सकेको छैन । दुई पैसा कमाएर घर चलाउँला भन्यो तर, हुँदैन, दूध फाल्न परिरहेको छ ।' नेपाली किसानले उत्पादन गरेको दूध संकलन गरी पाउडर, चीज, बटर, छुर्पी बनाई स्टोर गर्ने क्षमता बढाए मात्रै मिल्क होलिडेको अन्त्य हुनसक्छ । तर, भण्डारण क्षमताकै अभावमा डेरी उद्योगले दूध खरिद गर्न छाडेका छन् ।

अर्कोतर्फ भारतीय बजारबाट आउने दूध र दुग्धपदार्थको आयात रोकेमात्रै किसानको समस्या समाधान हुनसक्छ । यसतर्फ सकारको ध्यान पुगेको छैन । किसानलाई दूधको उत्पादन बढाउन प्रोत्साहित गरेको प्रदेश सरकारले दूधको बिक्रीका लागि बजार खोज्न भने सहयोग गरेको छैन । किसानको समस्या कसरी समाधान गर्ने भन्नेमा सरकारको चासो नै देखिँदैन । नेपाली किसानले दूध उत्पादन हुने सिजनमा मिल्क होलिडेको समस्या वर्षौंदेखि भोग्दै आएका छन् । तर, यसको दीर्घकालीन समाधानका लागि सरकारले योजना बनाउन सकेको देखिँदैन ।

## बाघको आक्रमणबाट मृत्यु भएका व्यक्तिको पहिचान

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बाघ खोज्दै गएको टोलीले भेटेको शवको पहिचान भएको छ । शव चितवन राप्ती नगरपालिका-१ दुबिचौर बस्ने १७ वर्षीय पुष्पराज तामाङको रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मृतकका बुबा ईन्द्रबहादुर तामाङले पाईन्ट र चप्पलको आधारमा शवको सनाखत गरेको प्रहरीले जनाएको छ । शुक्रबार बिहान मकवानपुरको मनहरी गाउँपालिका-६ राप्तीखोला र लोथरखोलाको दोभानमा चितवन राप्ती नगर पालिका-१, दुबीचौरका ४३ वर्षीय हरिप्रसाद पौडेललाई बाघले आक्रमण गर्दा मृत्यु भएको थियो ।

नेपाली सेना र चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत सुनाचुरी रेञ्ज पोष्टबाट ४ वटा हात्ती प्रयोग गरी चितवन र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा नरभक्षी बाघको खोजी गर्ने क्रममा राप्तीखोला र लोथरखोलाको दोभानमै शव भेटिएको थियो । सेना र निकुञ्जका अधिकारीले नरभक्षी बाघलाई नियन्त्रणमा लिएका छन् । आइतबार राती बाघलाई नियन्त्रणमा लिएर वन्यजन्तु केन्द्र चितवन लगिएको प्रहरीले जानकारी दिएको छ ।

## मकवानपुरको ३४ विगाहामा लगाइएको गाँजा फँडानी



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले मकवानपुरको विकट राक्सिराङ र कैलाश गाउँपालिकामा गरी ३४ विगाहा १५ कठ्ठामा लगाइएको अवैध गाँजा फँडानी गरेको छ ।

प्रहरीले सोमबार राक्सिराङ गाउँपालिका-६, स्थित बान्द्राङ, सिराधुनी, ८ नम्बर वडाको गौरीडाँडा, गढीडाँडा क्षेत्रमा २० विगाहा १५ कठ्ठामा लगाइएको अवैध गाँजा फँडानी गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनकाअनुसार सोमबार नै कैलाश गाउँपालिका-१, स्थित धुसाहा, डाँडाखर्क, भोर्लाडाँडा, डाडाँबारी तथा २ नम्बर वडाको बैकुण्ठडाँडा, जलेखु क्षेत्रमा १४ विगाहामा लगाइएको प्रतिबन्धित गाँजा फँडानी गरेर नष्ट गरिएको छ ।

मकवानपुर प्रहरीले राक्सिराङ र कैलाशमा गाँजा फँडानी गर्न टोली नै खटाएको थियो । विकट कैलाश र राक्सिराङमा गाँजा फँडानी गर्न १ सय प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरी निरीक्षकको कमाण्डमा कैलाश र राक्सिराङ गाउँपालिकामा ५०/५० जनाको प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रवक्ता प्रहरीनायबउपरीक्षक भण्डारीले जानकारी दिए । मंसिर १० गते आइतबार खटाइएकामा २ जनाको ड्रोन टोली समेत रहेको बताइएको छ ।

गाँजा फँडानीको लागि कैलाश-२ स्थित डाँडाखर्क वेस र हने गरी एक टोली र राक्सिराङ ७ जुरेथुम बेस रहने अर्को टोली परिचालन गरिएको प्रवक्ता भण्डारीले बताए । यसअघि गत असोजमा राक्सिराङ गाउँपालिकामा ९० जना तथा कैलाश गाउँपालिकाको विभिन्न वडामा ४० जना प्रहरी परिचालन गरी लागुऔषध गाँजा फँडानी गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

## थाहा महोत्सवको तयारी तीव्र, स्टल निर्माण धमाधम



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/थाहा नगरपालिकामा १४ मंसिरबाट सुरु हुने चौथो थाहा महोत्सवको तयारी तीव्र पारिएको छ । मेला आयोजक समितिले स्टल निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याएको छ ।

थाहानगर उद्योग वाणिज्य संघको मुख्य आयोजना तथा थाहा नगरपालिकाको आयोजना र ईन्द्रायणी कालाभैरव गुठीको सहआयोजनामा मंसिर २५ गतेसम्म थाहानगरमा बृहत थाहा कृषि, पर्यटन तथा व्यापार साँस्कृतिक महोत्सव सञ्चालन हुँदैछ । '२ सय ५० वटा स्टल सञ्चालन गर्ने लक्ष्य लिएकोमा २ सय ३० वटा स्टल बुकिङ भइसक्यो ।' थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालले भने -'लक्ष्यअनुरुप बुकिङ नहुन्जेलसम्म बुकिङ खुल्ला गरिरहन्छौं ।', महोत्सवमा स्टल बुकिङ गर्दा अग्रिम ५० प्रतिशत रकम भुक्तान गर्नुपर्ने आयोजकले जनाएको छ ।

यसैगरी १० दिनसम्म सञ्चालन हुने महोत्सवमा ख्यातीप्राप्त राष्ट्रिय कलाकारको बेजोड प्रस्तुती पनि हुनेछ । अहिलेसम्म ४० जना राष्ट्रिय कलाकारसँग टुंगो लागिसकेको उनले जानकारी दिए । महोत्सवमा रोटेपिङ, मौतका कुवा, बाल उद्यानका सामग्री, आकर्षक टिकटक स्टेज, ड्राइगन रेल लगायत राखिने मुल आयोजक समितिका थाहानगर उद्योग वाणिज्य संघका महासचिव जर्म श्रेष्ठले बताए ।

महोत्सवको लागि आयोजकले प्रतिव्यक्ति टिकट सय रुपैयाँ, विद्यार्थीलाई ७० रुपैयाँ र ७० वर्ष उमेर भन्दा माथिलाई नि:शुल्क प्रवेशको व्यवस्था गरेको छ । गत असोज ३० गते जिल्ला प्रशासन कार्यालय मकवानपुरले थाहानगर उवासंघलाई आगामी मंसिर १४ देखि २५ सम्म थाहा महोत्सव गर्न अनुमति दिएको थाहानगर उवासंघका बरिष्ठ उपाध्यक्ष शम्भुसिंह कार्कीले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्राकृतिक सोतको दोहन रोकौं

मनहरी खोलामा अवैधरुपमा खोला दोहन भइरहेको समाचार प्रकाशन भएको छ । कानुन विपरितका कार्य नियन्त्रण गर्ने दायित्व बोकेका निकाय नै अवैध कामको पक्षपोषणमा देखिनु बिडम्बना हो । राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने मनहरी खोलामा भइरहेको खोला दोहन रोक्न सबैले प्रयास गर्नै पर्छ । मनहरी बजारबाट करिब ५ सय मिटर भित्र राक्सिराङतर्फ खोलामा अवैध दोहन नरोकिएपछि राक्सिराङ गाउँपालिकाले पत्राचार पनि गरेको छ । कानूनसम्मत रुपमा उत्खनन् गर्न कसैले रोकेको होइन र छैन । अबैध धन्दा गरेर राजश्व मार्ने काम मात्र रोक्न खोजिएको हो । मनहरी खोलाले दुई गाउँपालिकालाई छुट्याएको छ । मनहरी खोलाको दक्षिणतर्फ मनहरी गाउँपालिकाको कार्यक्षेत्रमा पर्ने दुईवटा क्रसरले अवैध खोला दोहन गरिरहेकोले त्यसलाई रोक्नका लागि पत्राचार भएको हो । मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले भदौदेखि मंसिर सम्म पनि खोला दोहोन गरिरहेका छन् । गैरकानुनी रुपमा खोला दोहन भइरहँदा पनि जिल्ला अनुगमन समिति संयोजकसमेत रहेका जिल्ला समन्वय समिति, सम्बन्धित गाउँपालिका, स्थानीय प्रशासन, प्रहरीलगायत सबै चुपचाप देखिएका छन् ।

राक्सिराङ गाउँपालिका कार्यालयले मंसिर ४ गते मनहरी गाउँपालिका कार्यालयलाई पत्राचार गर्दै जिल्ला समन्वय समिति, जिल्ला प्रशासन, जिल्ला प्रहरी, डिभिजन वन कार्यालय राप्ती, इलाका प्रहरी कार्यालय मनहरी र प्रहरीचौकी चैनपुरलाई बोधार्थ दिएर अवैध दोहन रोक्न अनुरोध गरेको थियो । पत्राचार गरेर मनहरी खोला दोहन रोक्न भन्दा पनि नरोकिएको समाचारमा जनाइएको छ । मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले दोहन गरिरहेको खोलामा वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नभएको राक्सिराङ गाउँपालिकाले जानकारी दिएको छ । चालू आर्थिक वर्ष २०८०/८१ मा जिल्ला अनुगमन समितिले जिल्लाका १० वटै स्थानीय तहमा नदीजन्यपदार्थ उत्खनन्का लागि अनुमति दिएको छैन । मनहरी गाउँपालिकाले नै अवैध नदीजन्यपदार्थ उत्खनन्मा पक्षपोक्षण गरिरहेको बताइएको छ । चालु आवमा जिल्ला अनुगमन समितिले नयाँ वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नगर्नु, उत्खननमा ठेक्का लगाउन वा अमानतमा संकलनको अनुमति नदिएकाले सीधै खोलाबाट उत्खनन् गर्न पाईदैन । यहाँनिर जनप्रतिनिधि र कर्मचारी संयन्त्रले 'मुखमा रामराम बगलीमा छुरा' भनेझैं गरिरहेका छन् । मापदण्ड अनुसार विगतमा स्टक प्रमाणित भइसकेको ढुंगा, गिट्टी बालुवा राजश्व तिरेर निकासी गर्न र आइईई स्वीकृत भएको स्थानबाट मात्रै उत्खनन् गर्न पाइन्छ । मापदण्ड विपरित उत्खनन् भएमा ऐनअनुसार कारबाहीको दायरामा ल्याउनुपर्छ ।

कानुनविपरित भएको उत्खननमा प्रदेश आर्थिक ऐनको अनुसूचि ६ बमोजिम प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) सवारीसाधनको क्षमताअनुसार सवारीको प्रतिघनमिटर क्षमतामा १ हजार रुपैयाँकादरले जरिवाना गराउनुपर्ने व्यवस्था छ । मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले रातको समयमा नदीजन्यपदार्थ चोरी गर्दै आएको पाइएको छ । मनहरी खोलामा नदीजन्यपदार्थ निकालिएको खाल्डाखुल्डी धेरै छन् । जुन, सर्वसाधारणका लागि 'काल' बन्ने जोखिम छ । हिउँदमा मनहरी खोलाबाटै कैलाश र राक्सिराङ गाउँपालिका चल्ने सवारीसाधन र सर्वसाधारण हिँड्डुल गर्दछन् । मनहरी खोलाबाट राती नदीजन्यपदार्थ चोरी निकासी भइरहेको जानकारी आएर पनि मनहरी गाउँपालिकाले चासो दिएको देखिएन । मनहरी गाउँपालिकाको ७ नम्बर वडास्थित दारिमबास क्षेत्रमा रहेका दुवै क्रसर उद्योग अवैध हुन् । पुल, बस्ती र वन क्षेत्रबाट ५ सय मिटर टाढा मात्रै क्रसर उद्योग राख्न पाइने नियम छ । मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योग मादपण्डविपरित चलेको बताइएको छ । क्रसरले मनहरी खोला नै कब्जा गरेर नदीजन्यपदार्थ घाटगद्दी गरेको देखिन्छ । यहाँ घाटगद्दी भएको नदीजन्य पदार्थको स्टक सम्बन्धित निकायमै देखिँदैन । यसको मतलव राजश्व गुमिरहेको छ । शक्तिकेन्द्रको आडमा राजश्व मार्ने काम जसले गरेको भएपनि त्यो कारबाहीको दायरामा आउनै पर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १३ गते बुधबार, २९ नोभेम्बर २०२३ । द्वितीया, कात्तिक शुक्लपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव बढ्नेछ | तुला | : आनन्दको महसुस हुनेछ |
| वृष | : मनमा छट्पटि बढ्नेछ | वृश्चिक | : मन चञ्चल हुनेछ |
| मिथुन | : शत्रु पराजय हुनेछ | धनु | : मान-सम्मान बढ्नेछ |
| कर्कट | : बुद्धि र पराक्रम बढ्नेछ | मकर | : धन लाभ हुनेछ |
| सिंह | : नातागोतासँग भेटघाट हुनेछ | कुम्भ | : व्यापार-व्यवसायमा उन्नति हुनेछ |
| कन्या | : रोकिएको कामहरु बन्नेछ | मीन | : नबोली बस्दा राम्रो हुनेछ |

# ब्रिटिश गोर्खा भूतपूर्व सैनिकलाई भेदभाव मानवअधिकार विपरीत



देव गुरुङ

ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठनले गोर्खा भूतपूर्व सैनिकहरूको सेवा-सुविधा ब्रिटिश सेना समान हुनुपर्छ भनी उठाएका १३ बुँदे माग जायज छन्, त्यसलाई ब्रिटिश सरकारले सम्बोधन गर्नैपर्छ । सम्बोधन गरिनुपर्ने केही ऐतिहासिक, कानुनी र मानवीय नैतिक दायित्व रहेका छन् ।

इतिहासमा गोर्खा भर्ती केन्द्रको सुरुवात इष्ट-इण्डियामा अंग्रेज साम्राज्यवादको प्रत्यक्ष उपनिवेशकालमा नेपालसँग असमान सन्धि-सम्झौताको बलमा सुरु गरिएको थियो । संयुक्त राष्ट्रसंघको गठनपश्चात् प्रत्यक्ष उपनिवेशहरू समाप्त गरिएको छ । अंग्रेज स्वयं इष्ट-इण्डिया छोडेर फर्किसकेको छ । त्यस स्थितिमा प्रत्यक्ष औपनिवेशिककालीन गोर्खा भर्ती केन्द्र सम्बन्धी सन्धि-सम्झौता स्वत: पुनरावलोकन गरिनुपर्ने हो ।

ब्रिटेनको रोयल कोर्ट अफ जस्टिसले सन् २००८ सेप्टेम्बर ३० मा गरेको फैसला अनुसार सन् १९४७ को ब्रिटेन, भारत र नेपालबीच भएको त्रिपक्षीय सन्धिलाई अमानवीय, अन्यायपूर्ण, अवैधानिक भनी ठहर गर्दै खारेजीको फैसला गरेको छ । नेपालमा सर्वोच्च अदालतले सन् २०१७ मा सन् १९४७ को त्रिपक्षीय गोरखा भर्ती सम्बन्धी सन्धि विभेदकारी भएकोले अविलम्ब पुरावलोकन गर्न नेपाल सरकारको नाममा आदेश दिएको थियो । परन्तु अहिलेसम्म पनि दुई सरकारको बीचमा उक्त सन्धि पुनरावलोकन हुन नसक्नु विडम्बना हो ।

सन् १८१४-१६ बीचमा नेपाल-अंग्रेज बीचमा युद्ध भयो । युद्धमा नेपालको कमजोर स्थितिमा १८१६ मा दुई पक्षबीच सुगौली सन्धि भयो । त्यसवेला नेपाली सैनिकहरू करिब १५०० संख्यामा अंग्रेजहरूले युद्धबन्दी बनाएका थिए । ती युद्धबन्दीलाई सुगौली सन्धिपश्चात् आदानप्रदान गरी मुक्त गर्नुको सट्टा अंग्रेजले अरु भागेकाहरू समेत गरी गोर्खा ब्रिगेड अन्तर्गत ३ हजार गोर्खा सैनिकहरूको सिरोमोन बटालियन गठन गरे ।

अन्तर्राष्ट्रिय कानुन, परम्परा र अभ्यास अनुसार युद्धविराम भएर सन्धि-सम्झौता भएपछि जुनसुकै पक्षले पनि युद्धबन्दीहरूलाई विना शर्त युद्धका पक्षधरहरू बीच आदानप्रदान गरी मुक्त गर्नुपर्ने हो । परन्तु अंग्रेजहरूले युद्धबन्दी आदानप्रदान र युद्धबन्दी मुक्तिको अन्तर्राष्ट्रिय सैद्धान्तिक मान्यता विपरीत विपक्षको सेनालाई आफ्नो सेनामा भर्ती गरे । यो अन्तर्राष्ट्रिय कानुन, परम्परा, युद्ध नैतिकता र प्रचलित अन्तर्राष्ट्रिय अभ्यासको गम्भीर उल्लंघन हो ।

सुगौली सन्धिपश्चात् औपनिवेशिक मुलुकहरूमा झैं नेपालमा पनि अंग्रेज सरकारको स्थायी प्रतिनिधि-रेजिमेन्ट, राजदूतस्तरको हैसियतमा काठमाडौंमा राखे र त्यसले नेपाल सरकारको हरेक गतिविधिमा विभिन्न ढंगले निगरानी र हस्तक्षेप गर्न थाले । सन् १८५७ मा अंग्रेज विरुद्ध लखनउमा विद्रोह भयो । विद्रोहलाई दमन गर्न अंग्रेजहरूकै जोडबलमा तात्कालीन प्रधानमन्त्री जंगबहादुर राणाको नेतृत्वमा १९ हजार नेपाली सेना लिएर लखनउ गएर अंग्रेज सेनालाई सहयोग गर्न पुगेर विद्रोहलाई दबाए ।

अंग्रेज रेजिमेन्टले नेपालमा विधिवत् रूपमा गोर्खा भर्तीलाई वैधानिक रूपमा खुला गर्न खोजिरहेका थिए । त्यसैबेला सन् १८८५ मा वीरशमशेर राणा प्रधानमन्त्रीको पालामा विधिवत् गोर्खा भर्ती खुला गर्न दिइयो । त्यसपछि सन् १९२३ मा नेपाल-ब्रिटेन दौत्य सम्बन्ध कायम गरियो । भारतबाट अंग्रेजहरू फर्कने क्रममा सन् १९४७ मा गोर्खा भर्ती केन्द्र सम्बन्धी त्रिपक्षीय सम्झौता गरेर गोर्खा भर्तीलाई निरन्तरता दिइयो ।

उक्त सम्झौताको दफा ३.२ मा 'गोर्खा ब्रिगेडमा कार्यरत सैनिकलाई भ्रातृ सेनाका अन्य सैनिक सरहका व्यवहार गरिनेछ र उनीहरूलाई कुनै पनि हालतमा भाडाको सेनाको हैसियतमा व्यवहार गरिने छैन ।' १० बटालियनमध्ये ६ वटा भारतमा र ४ बटालियन करिब ३५०० गोर्खाली सेना ब्रिटेन लगे । सम्झौता अनुसार गोर्खा सेनालाई ब्रिटिश सेना सरह व्यवहार गर्ने भनिएको छ । तर व्यवहार त भेदभाव गरियो । यो सन् १९४७ को सन्धिको दफा ३.२ विपरीत छ ।

ब्रिटिश सेना र गोर्खा सेना बीचको भेदभाव अन्तर्राष्ट्रिय कानुन विपरीत पनि छ । किनभने–

क) संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १.३ मा 'विना कुनै भेदभाव सबै मानव जातिको मानवअधिकारको संरक्षण तथा आधारभूत स्वतन्त्रता प्राप्तिको लागि अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने' उल्लेख गरिएको छ । त्यसले कुनै पनि प्रकारको विभेद गर्न नपाउने व्यवस्था गरेको छ । ब्रिटिश सरकारको भेदभावको नीति संयुक्त राष्ट्रसंघको उक्त धारा १.३ विपरीत छ ।

ख) मानवअधिकारको विश्वव्यापी घोषणा १९४८ को धारा ६ मा 'प्रत्येक व्यक्ति ऊ जहाँसुकै भए पनि उसलाई त्यहाँको कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।' त्यस्तैगरी सोही घोषणापत्रको धारा ७ मा 'कानुनको अगाडि सबै संरक्षणको हकदार हुनेछन् ।' यसले पनि ब्रिटिश सरकारले आफ्ना सेनाहरूलाई गरेको भेदभावलाई छुट दिएको छैन ।

ग) जातीय उन्मूलन सम्बन्धी महासन्धि १९६५ धारा १ मा 'कसैलाई राष्ट्रिय तथा जातीय उत्पत्तिको आधारमा समान अधिकार उपभोग गर्नबाट वञ्चित गर्ने कार्य जातीय भेदभाव हुने' भनी परिभाषित गरिएको छ । सोही महासन्धिको धारा ५ (ङ) को १ मा 'समान कामको लागि समान ज्याला र उचित पारिश्रमिक हुनुपर्ने' भनी सिद्धान्त स्थापित गरिएको छ । उक्त सम्झौतामा ब्रिटेनले हस्ताक्षर गरी पक्ष राष्ट्र बनेको छ । तर व्यवहारत: ब्रिटेनले आफ्नै सेनाभित्र भेदभाव गरिएको छ । यो पनि ब्रिटेनद्वारा गरिएको अन्तर्राष्ट्रिय कानुन उल्लंघनको जीवन्त उदाहरण हो ।

घ) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र- १९६६ को धारा २६ मा 'सबै व्यक्तिहरू विना कुनै भेदभाव कानुनको समान संरक्षणका लागि हकदार हुनेछन्' भनिएको छ । यस प्रतिज्ञापत्रमा पनि ब्रिटेनले हस्ताक्षर गरेर पक्ष राष्ट्र बनेको छ । तर व्यवहारमा उल्लंघन गरिरहेको छ ।

ङ.) भियना अभिसन्धि १९६१ अनुसार कुनै दुई देशबीच भएको सन्धिले तेस्रो देशलाई कुनै दायित्व सिर्जना गर्न सक्ने व्यवस्था छैन । जस्तो ब्रिटेन र भारत बीच भएको सन्धिले नेपाली गोर्खा सैनिकको सेवा-सुविधामा प्रभावित पार्न मिल्दैन । तर ब्रिटेन सरकारले तेस्रो पक्ष गोर्खा सेनालाई प्रभावित गर्दै रह्यो । ब्रिटेनले भियना अभिसन्धिको पक्ष राष्ट्र बने पनि त्यसको उल्लंघन गर्दै आइरहेको छ ।

च) ब्रिटेनले गोर्खा ब्रिगेडबाट निवृत्त भइसकेका गोर्खाहरूको छुट्टै 'गोर्खा रिजर्भ युनिट' बनाएर ब्रुनाईमा पठायो । गोर्खा ब्रिगेडलाई सिंगापुर प्रहरीमा पनि पठाइयो । सन् १९४७ को त्रिपक्षीय सन्धिले अन्य मुलुकमा त्यसरी भाडामा पठाउने व्यवस्था गरेको थिएन । तर नेपालसँग कुनै सरोकार नराखी तेस्रो मुलुकमा पठाइयो । त्यसले पनि सन् १९४७ को सन्धिको उल्लंघन गरेको देखिन्छ ।

सैन्य जवानहरूको तलब स्केलको सम्बन्धमा ब्रुनाई सरकारबाट प्रति सैनिक मासिक रूपमा २५०० डलर ब्रिटेन सरकारले लिने गरेको र गोर्खा सैन्य जवानहरूलाई प्रति व्यक्ति ११०० डलर मात्र तलब दिएर बाँकी प्रति जवान १४०० डलर ब्रिटेन सरकारले लिने गरेको देखिन्छ । यसबाट ब्रिटेन सरकारले मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा- १९४८ को धारा १७ मा उल्लिखित 'कसैलाई पनि उसको सम्पत्तिबाट स्वेच्छाचारी किसिमले वञ्चित गरिने छैन' भन्ने व्यवस्थाको खुलेआम उल्लंघन गरेको देखिन्छ ।

उपरोक्त ऐतिहासिक तथ्यहरू र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूको आधारमा हेर्दा ब्रिटेन सरकार गोर्खा भूपूहरूको १३ बुँदे प्रस्तावबाट पन्छिन सक्ने ठाउँ देखिन्न । ब्रिटेनको रक्षा र उसका उपनिवेशहरूको रक्षार्थ करिब दुई शताब्दीको अवधिमा करिब ८ लाख युवाले सुरक्षा सेवा गरिसकेका छन् ।

पहिलो र दोस्रो विश्वयुद्धमा कम्तीमा पनि दुई लाख गोर्खा ब्रिगेडका जवानहरूले त्याग र बलिदान गरेका छन् । गोर्खा भर्ती सम्बन्धी सम्झौता विपरीत नेपालका मित्रराष्ट्रहरू विरुद्ध समेत गोर्खा ब्रिगेडलाई युद्धमा प्रयोग गरिएको छ । त्यतिका त्याग र बलिदान गरेका गोर्खा भूतपूर्व सैनिकहरूको मागलाई ब्रिटेन सरकारले निषेध गर्न सक्ने नैतिक धरातलसम्म पनि देखिन्न ।

*(साभार: अनलाइनखबर)*

# उखु खेतीमा कृषकको पिडा र चिनीमा आत्मनिर्भरता

हरि गौतम

**के नेपालमा वैज्ञानिक उखु खेती सम्भव छैन ? के चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौं ? अन्तर्राष्ट्रिय बजारको मूल्यमा यहाँ चिनी उपलब्ध गराउन सक्दैनौं ? प्रशस्त चिनी उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सक्दैनौं ?**

यस वर्षको दसैं र तिहारमा चिनीको हाहाकार भयो । रक्सौलमा ६४ रुपैयाँ प्रतिकेजी पाइने चिनी काठमाडौं पुग्दा १७० रुपैयाँ प्रतिकेजीसम्म पुग्यो । २ केजी चिनी लिन सर्वसाधारण दिनभर लाइनमा बस्न बाध्य भए, धादिङदेखि चिनीको लागि वृद्धवृद्धासहित सयौं सर्वसाधारण काठमाडौंमा साल्ट ट्रेडिङ अगाडि लाइन लागे । सीमा क्षेत्रमा आफ्ना नातेदार, इष्टमित्रलाई काठमाडौंवासीले चिनी पठाइदिन याचना गरे । सहरी क्षेत्रमा त जसोतसो कालोबजारीबाट चिनी पाइहाले पनि ग्रामीण क्षेत्रमा सबैभन्दा बढी हाहाकार भयो ।

यति मात्र होइन, चिनी नपाएका कारण कतिपय मिठाइ पसल बन्द भए । मुलुकमा अन्य कुनै समस्या नभएजस्तै सबैतिर चिनी आपूर्तिबारे टिप्पणी भयो । चिनी आपूर्तिमा सरकारी अकर्मण्यता प्रस्टै देखियो । चिनीको समुचित आपूर्ति मिलाउन नसक्दा सरकारले तीव्र आलोचना सहनु पर्‍यो । आम जनताको बुझाइमा केही सीमित कालोबजारी र माफियालाई पोस्न सरकारले जानीजानी यो अवस्था ल्यायो भन्ने बुझाइ मानिसमा पर्न गयो । व्यवसायीहरूले समयमै चिनीको हाहाकार हुने सूचना सरकार लाई दिए पनि सरकारले नसुनेकोले यो अवस्था आयो ।

नेपालमा वार्षिक करिब ३ लाख मेट्रिक टन चिनीको आवश्यक पर्छ । आन्तरिक उत्पादनबाट वार्षिक १ लाख ५० हजार मेट्रिक.टन चिनी उत्पादन हुन्छ र बाहिरबाट करिब १ लाख ५० हजार मेट्रिक टन आयात गर्नुपर्छ । यस वर्ष वीरगञ्ज भन्सार नाकाबाट चिनी आयात भएकै छैन भने करिब १ लाख ५० हजार मेट्रिकटन चिनी अवैध कारोबारको माध्यमबाट आपूर्ति भएको छ ।

सुरुमा सरकारले वैध माध्यमबाट चिनी आयात गर्न व्यवसायीलाई लाइसेन्स दिएको र सीमा क्षेत्रका भारतीय सहरको मूल्यका आधारमा भन्सार लगाएको भए चिनीको कालोबजारी हुने थिएन । सरकारले चिनी आयातमा ३० प्रतिशत भन्सार लगाएकाले भनि यो समस्या आएको हो ।

अब प्रश्न उठ्छ, के नेपालमा पर्याप्त उखु उत्पादन हुँदैन ? अर्थात् उखु खेती गरी चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौं ? गम्भीर प्रश्न छ । थोरैमात्र व्यवस्थापन मिलाउने हो भने हामी चिनीमा आत्मनिर्भर मात्रै होइन, विदेशमा निर्यात गर्न सक्छौं । उखु खेतीको लागि हाम्रो माटो राम्रो छ । मेहनती कृषक छन् । चिनी मिल स्थापना भइसकेका छन् । सरकारले कतिपय कृषि उपजमा अनुदानको व्यवस्था गरेको छ । उखु किसानलाई पनि त्यो दिन सकिन्छ । तर पनि चिनी उत्पादनमा के कारणले हामी पछि पर्‍यौं र परनिर्भर भयौं त ? गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ ।

सर्वप्रथम उखु खेतीमा सबैभन्दा बढी पीडित कृषकहरू नै छन् । उखुको उत्पादकत्व कम हुने मुख्य कारण गुणस्तरीय बिउ बिजन नहुनु हो । यहाँ कृषकले समयमा गुणस्तरीय बिउ पाउँदैनन्, उखुको बिउ समय समयमा सुधार गरिरहनु पर्छ । यसमा अनुसन्धानको ठुलो महत्त्व छ । यहाँ २० वर्षसम्म एकै प्रकारको बिउ प्रयोग गरिरहेका छन् । सहुलियत ऋण पाउँदैनन्, मल पाउँदैनन्, किटनाशक औषधि पाउँदैनन् ।

दोस्रो, यहाँ कृषकले सानो युनिटमा गरिएको निर्वाहमुखी कृषि खेती बाहेक आधुनिक खेतीको ज्ञान उनीहरूलाई छैन । फलत: उनीहरूको उत्पादकत्व अत्यन्त कम छ । तेस्रो, कृषकहरूलाई वर्षभरि लगाएको उखु बिक्री गर्न समयमा चलानी पाउँदैनन्, चलानी पाइहाले पनि उखु बिक्रीको मोल समयमा पाउँदैनन् । चर्को ब्याज दरमा ऋण लिएर गरेको उखु खेतीको समयमै भुक्तानी नपाउँदा घरखेत लिलाम हुने अवस्था आउँछ । उखुको पैसा भुक्तानीका लागि सरकारलाई दबाब दिन महिनौंसम्म माइतीघर मण्डलामा धर्नामा बस्नु पर्दछ । अझ धेरै उद्योगले त कृषकलाई जालमा पारी कृषकसँग सोझै उखु खरिद नगरी बिचौलिया खडा गरी सस्तो दरमा खरिद गरी कृषकको शोषण गर्दछन् ।

बढ्दो उत्पादन तथा मजदुर लागतले गर्दा कृषकलाई उखु खेती फाइदाजनक भएन । र, बिस्तारै उनीहरू उखु खेतीबाट पलायन हुँदै गए । यस वर्ष मिल सञ्चालन गर्ने बेला भइसक्यो तर अहिलेसम्म सरकारले उखुको न्यूनतम समर्थन मूल्य तोकेको छैन । तिहार, छठ पर्व मनाउन केही कृषकले सस्तो दरमा खाँडसारीलाई उखु दिन थालिसके । चिनीमा आत्मनिर्भर हुनका लागि उद्योगहरूको पनि महत्त्वपूर्ण योगदान हुन्छ ।

सरकारले थोरै सहजीकरण नगरी दिँदा उखु उद्यमीहरू पनि समस्यामा छन् । आफ्नो क्षेत्रमा उत्पादन भएको उखु अन्य क्षेत्रमा लैजाने, क्षमता अनुसार उखु नपाउने, गलत श्रम ऐनका कारण श्रमिकसँगको लफडा, स्थानीय गुन्डाहरूको समस्या, चर्को ब्याज दर र उद्योगको सही व्यवस्थापन नहुँदा केही उद्योग सम्भावना हुँदाहुँदै पनि बन्द भइरहेका छन् । जबसम्म उद्योग सञ्चालनको सम्भावना रहन्छ तबसम्म उद्योग बन्द हुँदैन । किन उद्योगहरू बन्द भइरहेका छन् ? त्यसको सूक्ष्म कारण खोजी गर्नु पर्दछ । नेपालको सन्दर्भमा चिनी मिल सबैभन्दा बढी सम्भावना भएको उद्योग हो, यसले सहरको पैसा गाउँमा लैजान्छ, ग्रामीण रोजगारी सिर्जना गर्दछ । नगदे बालीको विकास भई कृषकको जीवनस्तर उल्लेखनीय सुधार्छ । उखु खेतीमा हुने अन्तर बाली विकास गर्न सकिए र कृषक, उद्योग एवम् सरकारले थोरै सहजीकरण गरे एकै जमिनबाट दोहोरो फाइदा लिन सकिन्छ । अन्तरबालीको रूपमा उखु खेतीभित्र वृक्षारोपण गर्न सकिन्छ ।

के नेपालमा वैज्ञानिक उखु खेती सम्भव छैन ? के चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौं ? अन्तर्राष्ट्रिय बजारको मूल्यमा यहाँ चिनी उपलब्ध गराउन सक्दैनौं ? प्रशस्त चिनी उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सक्दैनौं ? अहिलेको अहम् प्रश्न हो ।

नेपाल चिनीमा आत्मनिर्भर हुन सक्छ । यसमा विभिन्न निकायले थोरै सहजीकरण गर्नुपर्छ । सबैभन्दा पहिलो दायित्व सरकारको हो । सरकारले स्थानीय उद्योगहरूलाई सकभर मिल गेट डेलिभरी हुने गरी उनीहरूलाई मिल सञ्चालन गर्न कति जग्गा चाहिन्छ, सो अनुसार ऐन नियम वा कार्यविधिका माध्यमबाट उक्त जमिनमा उत्पादन हुने उखु अमुक उद्योगले मात्र पाउने व्यवस्था गर्नु पर्छ र सो उद्योगलाई आवश्यकता नभए मात्र उसको सहमतिमा अन्यत्र बेच्न पाउने व्यवस्था गर्नुपर्छ । अब सो जग्गामा कृषकहरूको सहकार्यमा उखुको उत्पादकत्व बढाउन उद्योगीले पहल गर्नुपर्छ ।

सरकारले कृषकलाई दिएको सहुलियत ब्याज दरको ऋण, गुणस्तरीय बिउ बिजन, मल, किटनाशक औषधि, वैज्ञानिक खेती पद्धति, सामूहिक खेती पद्धतिका विधि अपनाएर प्राविधिक दक्ष जनशक्तिको उपलब्धता, कृषि विकासबाट आवश्यक सहयोग एवम् समन्वय लिएर प्रति बिघा प्रति क्विन्टल २५० बाट उत्पादकत्व बढाएर ७००-८०० क्विन्टल पुर्‍याउनु पर्छ र मिलले आफ्नो सिफारिसमा बैंकबाट कृषकले लिएको ऋण कट्टा गरी समयमै कृषकलाई भुक्तानी दिनुपर्छ । फलत: कृषकले आफ्नो बालीको अपेक्षित लगानी पाउनेछन् । गुणस्तरीय उखुका कारणबाट उद्योगले चिनीको रिकभरी अहिले ८.५ प्रतिशतको तुलनामा १०.५ प्रतिशतसम्म प्राप्त गर्नेछन् । मिल पूर्ण क्षमतामा सञ्चालन हुनेछ र यही औद्योगिक संरचना यही खेतीबाट चिनीमा हामी आत्मनिर्भर हुनेछौं ।

अर्कोतर्फ बैंकको ऋण नउठ्ने सम्भावना पनि हुँदैन । बैंकले खुसीका साथ लगानी गर्नेछन् । उद्योगले कृषकबाट ऋण असुली गरी बैंकलाई पठाउने भएकाले बैंक सुरक्षित हुनेछ । यस कार्यक्रमबाट सरकारको कुनै रकम पनि खर्च हुँदैन । सरकारले कानुनका माध्यमबाट सहजीकरण गर्ने, गुणस्तरीय बिउका लागि छिमेकी मुलुकसँग पहल गर्ने र सरकारी प्राविधिक टोलीलाई परिचालन गरे पुग्छ ।

चिनी उद्योगहरू विशिष्ट प्रकृतिका उद्योगहरू हुन् । यी उद्योग बढीमा वर्षमा ६ महिना मात्र चल्छन् । तसर्थ चिनी मिलमा श्रम ऐन लचिलो हुनुपर्छ । चिनी मिल स्थानीय क्षेत्रको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका हुने भएको सरकारले स्थानीय गुन्डा, बदमासबाट चिनी मिललाई संरक्षण गर्नुपर्छ । उद्योगीले आफ्नो क्षेत्रमा गुणस्तरीय उखुको उत्पादकत्व बढाउन, वैज्ञानिक पद्धति अनुसार खेती गर्न, किटनाशक औषधि, बिउ बिजन सहज रूपमा उपलब्ध गराउने, कृषकको उखु खरिद गरी समयमै भुक्तानी दिने र मिल पूर्ण क्षमतामा चलाउने कार्य गर्दछ भने कृषकले ढुक्क भएर उत्पादनमा मात्र लाग्ने छन् । मुलुक चिनीमा आत्मनिर्भर हुनेछ र अझ निर्यात समेत गर्ने छ । उपभोक्ताले सस्तो दरमा चिनी पाउनेछन्, सबैले जित्नेछन्, हार्ने भनेको हाम्रो कुशासन र अकर्मण्यता मात्र हुने छ । *(साभार: रातोपाटी)*

# प्रधानमन्त्रीले 'एक्सन रुम'बाट हेरेनन् आयोजनाहरूको दुर्गति

काठमाडौं/बुटवल-नारायणगढ सडकखण्डको दुरावस्था सरकारी अधिकारीले नदेखेका हैनन्, यो खण्डमा दैनिक हजारौं सवारी र यात्रुले गर्ने कष्टपूर्ण यात्राबारे सरकारी निकायहरु सम्वेदनशील हुन्थे भने काम नगर्ने ठेकेदार कारवाहीमा परिसकेको हुन्थ्यो । सरकारको संयन्त्रहरुले योजना र जिम्मेवारी अनुसार ठेकेदार मात्रै हैन, स्थानीय रुपमा ढुंगा गिट्टी बालुवा उपलब्ध नगराइरहेका स्थानीय तहलाई समेत संघीय सरकारले साथ लिइसकेको हुन्थ्यो ।





पुष्पकमल दाहाल प्रचण्डले आफ्नो कार्यालयको 'एक्सन रुम'बाटै आयोजनाका अधिकारी, ठेकेदार र स्थानीय तहका प्रमुख तथा जिम्मेवार अधिकारीसँग रिपोर्ट लिएर समस्या समाधानको बाटो पहिल्याइदिन सक्थे । तर, न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभाग आफ्नो काम गरिरहेका छन्, न यस्ता आयोजनाहरुमा प्रधानमन्त्री कार्यालयले नै दबाब, सहजीकरण र उचित हस्तक्षेप नै गर्न सकेको छ ।

२०७९ साउनसम्म सबै काम सकिनुपर्ने बुटवल-नारायणगढ सडक खण्डको काम अहिले करिब ३९ प्रतिशत मात्रै सकिएको छ । थपिएको म्यादअनुसार महिनामा औसत ४ प्रतिशत प्रगति हासिल गर्नुपर्ने यो आयोजनामा एक प्रतिशत पनि प्रगति हासिल भइरहेको छैन । खाल्डैखाल्डा भएको यो सडकखण्ड भएर यात्रा गर्ने हजारौं यात्रु दैनिक प्रभावित भइरहेका छन् भने धुलो/हिलोबाट स्थानीय पीडित छन् ।

सडक विभागअन्तर्गतको एडीबी निर्देशनालयका प्रमुख चुँडाराज ढकाल चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनलाई कामको गति बढाउन बारम्बार दबाब दिँदा पनि समस्या नघटेको बताउँछन् । 'पश्चिम खण्डतर्फ त स्थानीय तहहरुले ढुंगा गिट्टी बालुवा उपलब्ध गराउन आनाकानी गर्दा पनि समस्या भएको हो,' उनी भन्छन्, 'समस्या नै नहुनुपर्ने ठाउँमा समेत ठेकेदारले सन्तोषजनक ढंगले काम गरेको छैन ।' हालको म्याद अनुसार आगामी २०८१ जेठसम्म सकिनुपर्ने यो आयोजना अहिलेकै गतिमा आगामी ५ वर्षमा समेत सक्न मुस्किल हुने देखिएको सम्बद्ध अधिकारीहरु बताउँछन् ।

सरकारी ठेकेदारप्रति नरम बन्दा धेरै आयोजनाहरुको हालत यस्तै छ । पर्यटकीय नगरी पोखरालाई जोड्ने मुग्लिन-पोखरा सडक खण्डको हालत पनि उस्तै छ । अनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले ठेक्का लिएको ४८ किलोमिटरको पश्चिम खण्ड (पोखरातर्फ) मा हालसम्म ७० प्रतिशत काम सकिनुपर्नेमा ११ प्रतिशत मात्रै काम भएको छ । यो सडकको पूर्व खण्डतर्फ पनि कामको गति लक्ष्यअनुसार छैन ।

आयोजनाहरुमा राष्ट्रिय योजना आयोगको अनुगमन कागजमा प्रतिवेदन बनाउन सीमित हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट समेत उचित पहलकदमी लिने काम भएको छैन । त्यसैले अधिकांश महत्वपूर्ण आयोजना समस्याग्रस्त छन् ।

नेपाली सेनाले बनाइरहेको काठमाडौं-तराई मधेश द्रुतमार्ग (फास्ट ट्र्याक)को ७० मध्ये २६ किलोमिटर सडक खण्डमा काम नै सुरु भएको छैन । निर्माण सुरु भएको ६ वर्षमा बल्ल २७.१९ प्रतिशत मात्रै सकिएको यो आयोजना ठेकेदारको ढिलाइले मात्रै हैन, डिजाइन परिवर्तनसहित पूरक वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृत र प्रस्थानविन्दु खोकनामा जग्गा विवादजस्ता समस्याले पिरोलिएको छ । सेनाले ६ वटा प्याकेजमा समयमै ठेक्का समेत लगाउन नसक्दा सरकार म्याद थप गर्दै बसिरहेको छ ।

राष्ट्रिय गौरवका हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी राजमार्गसहित उत्तर-दक्षिण कोरिडोर (कोशी, कर्णाली, कालीगण्डकी, महाकाली) सडक आयोजनाहरुमा उस्तै समस्या छ । यस्ता राजमार्गका विभिन्न खण्ड र त्यसमा बन्नुपर्ने पुलहरु सयममै निर्माण हुन नसकेर स्थानीयले सास्ती भोगिरहेका छन् भने ढिलाइले लागत र अवधि बढाइरहेको छ । धेरै आयोजनाहरुमा ठेक्का लागेर पनि काम भइरहेको छैन भने कतिपय सडक खण्डहरु ठेक्का नै लाग्न नसकेर अलपत्र छन् । पूर्व-पश्चिम रेलमार्गको काम बजेट अभावमै थलिएको छ ।

सडक र रेल मार्गतर्फ मात्रै हैन, राजधानीमै सरकारका भवन परियोजना समेत त्यस्तै समस्यामा फसेका छन् । सरकारी र ठेकेदार कम्पनीहरुको उदाशीनताका कारण ललितपुरको भैंसेपाटीमा निर्माणाधीन संघीय मन्त्रीहरुको निवास तयार गर्न नै चरम ढिलाइ भइरहेको छ । तोकिएको समयभन्दा २ वर्ष ढिला भइसक्दा पनि यो मन्त्री निवासको काम कहिलेसम्म सकिन्छ भन्ने निश्चत छैन । यही क्षेत्रभित्र प्रदेश प्रमुख र मुख्यमन्त्रीहरुका लागि बनाइएको आवासगृह भने गत १० भदौमा प्रधानमन्त्रीले हस्तान्तरण गरेका थिए ।

१५ असोज २०७९ मा तयार भइसक्नुपर्ने सिंहदरबार भित्रैको संसद भवन कहिले बनिसक्छ भन्ने पनि निश्चित छैन । यो आयोजनामा ठेकेदारले थप डेढ वर्षको समय मागेको छ भने सिभिलको काम नसकिंदा इन्टेरियर तर्फ ठेक्का लागे पनि अर्को ठेकेदार काम नगरी बस्नुपरेको छ ।

यस्तो समयमा बाढी प्रभावित मेलम्ची खानेपानी आयोजना मुहान (हेडवर्क्स) परिवर्तनको झमेलामा फसेको छ भने वर्षापछि हिउँदमा पानी ल्याउने गरी अस्थायी बाँध बाध्ने काम कहिले सुरु हुन्छ भन्ने अनिश्चित छ ।

बूढीगण्डकी जलविद्युत आयोजना लगानी कसरी जुटाउने भन्ने अलमल कायमै छ । पश्चिम सेती जलविद्युत् आयोजना भारतीय कम्पनी एनएचपीसीले अध्ययनको जिम्मा लिएर अल्झाएको छ । अनुमानभन्दा ६६ प्रतिशत बढी मूल्यमा ठेक्का परेपछि एमसीसीको प्रसारणलाइन परियोजना पुन: टेन्डर मै जान सकेको छैन ।

सिक्टा, रानीजमरा कुलरिया, भेरी-बबई, महाकाली लगायतका सिँचाइ परियोजनाहरु नहर निर्माणमा भएको ढिलाइले वर्षौंदेखि अलमलमै छन् । सुनकोशी मरिण डाइभर्सनमा सुरुङ धमाधम बनिरहे पनि हेडवर्क्सतर्फको प्रगति कमजोर छ ।

बाराको निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल कुन मोडालिटीमा कसरी लगानी जुटाएर अघि बढाउने भन्नेबारे सरकार अन्योलमै छ ।

गौरवका आयोजनामा समेटिएका पशुपति क्षेत्र विकास कोष, लुम्बिनी क्षेत्र विकास कोष, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गतका आयोजनाहरु सरकारको प्राथमिकतामा परेको देखिएकै छैन ।

सरकारका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा चरम समस्या भएको विषय प्रधानमन्त्री कार्यालयलाई जानकारी नभएको हैन । गत आर्थिक वर्ष २०७९/८०मा मन्त्रालयहरुले निश्चित समयभित्र निश्चित प्रतिशत काम सकाउने भनेर लिएको उद्देश्य (माइलस्टोन) अलपत्र परेका थिए ।

प्रधानमन्त्री कार्यालयले एक महिनाअघि सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार २ हजार ७९५ माइलस्टोनमध्ये ३१२ वटामा काम नै सुरु भएनन् ।

काम नै सुरु नभएका माइलस्टोनभित्रका आयोजना र कार्यक्रममध्ये ३३ वटा त कुन कारणले प्रभावित भए भन्ने समेत स्पष्ट भएन । २७९ वटा माइलस्टोन सम्बन्धित मन्त्रालय र निकायहरुले आवश्यक पूर्वतयारी र कामहरु नगरेकाले समस्यामा परेको प्रधानमन्त्री कार्यालयकै प्रतिवेदनमा उल्लेख छ । 'मन्त्रालय र निकायहरुको कार्ययोजना निर्माण र कार्याक्रम निर्धारण नै वस्तुपरक, यथार्थ र वैज्ञानिक हुन सकेको छैन,' प्रतिवेदनमा भनिएको छ, 'मन्त्रालयहरुले पूर्वनिर्धारित कार्ययोजना बमोजिमको कार्यसम्पादनमा चासो दिएका छैनन् भन्ने स्पष्ट हुन आउँछ ।'

आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागु गर्ने, बोलपत्रसम्बन्धी कागजातहरू तयार गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, सेवा निकाय छनौटका लागि सूचना प्रकाशन गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा संचालन ढाँचा तयार गर्ने जस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकाले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन् ।

आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने माइलस्टोनहरू समयमै सम्पन्न हुन नसक्दा त्यसपछि सञ्चालन हुने क्रियाकपालहरू स्वत: प्रभावित हुने कुरा स्वयंसिद्ध नै छ । समीक्षा अवधिमा १२४ माइलस्टोनहरू पूर्वतयारी पूरा हुन नसकेकाले प्रभावित भएको देखिएको छ ।

गत वर्ष असार मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनहरूमध्ये ८४ माइलस्टोनहरू बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट सुरु भएका थिएनन् । एकातिर पुँजीगत खर्च क्षमता कमजोर भएर विनियोजित बजेट खर्च नहुनु र अर्कोतिर बजेट व्यवस्थापन हुन नसक्नुले बजेटमा विनियोजन कुशलता नभएको तथ्यलाई बल पुर्‍याउने प्रतिवेदनको ठहर छ । 'सम्बन्धित निकायबाट नियमावली वा कार्यविधि जस्ता विषयहरू समयमै स्वीकृत/संशोधन नभई कानूनी आधार तथा कार्यविधि तयार नभएकाले १६ माइलस्टोन प्रभावित भएको देखिएको छ,' प्रतिवेदनले भनेको छ ।

समीक्षा अवधिमा स्थान छनोट तथा जग्गा प्राप्तिमा देखिएका प्रक्रियागत ढिलाइका कारण १५ माइलस्टोन प्रभावित भएका थिए । 'आयोजना छनोट गर्दा स्थानको समेत निर्क्यौल नगरी आयोजना छनौट हुने अवस्थाले विकास व्यवस्थापनको अत्यन्त कमजोर अवस्थालाई दर्शाउँछ,' प्रतिवेदन भन्छ ।

१० माइलस्टोन अन्तर तह/मन्त्रालय/निकायसँगको समन्वय प्रभावकारी नहुँदा शुरू हुन नसकेको देखिएको छ । सम्बन्धित निकायबाट माग गरिएका राय सहमति समयमै प्राप्त नहुँदा आयोजनाहरु प्रभावित भएको सरकारकै ठहर छ ।

कार्यक्रमको पुनर्संरचना गर्नुपरेकाले समेत १० वटा माइलस्टोन सुरुवात नै पाएनन् । यसैगरी अन्तर निकाय सहमति/राय प्राप्त गर्नुपर्ने/प्रदान गर्ने विषयका कारण ८, विवाद तथा कानूनी जटिलताले ७, जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनको कारणले ५ वटा माइलस्टोन सुरु नै भएनन्

सरकारको प्रतिवेदनले नै कानूनी एवम् प्रक्रियागत जटिलतालाई सहजीकरण, वन तथा सार्वजनिक खरिदसम्बन्धी कानूनहरूमा सरलीकरण, विकास आयोजनाको सञ्चालनका लागि छुट्टै कानूनी व्यवस्था, सरुवा र पदपूर्ति प्रणालीलाई व्यवस्थित गराई पूर्वानुमानयोग्य गराउनेसहित अनुगमनलाई प्रभावकारी बनाएर नतिजामुखी ढंगको कार्यसम्पादन शैली विकास गर्ने लगायतका काममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नै पहल गर्नुपर्ने उल्लेख छ ।

### एक्सन रुम तयार छ, प्रधानमन्त्री छैनन्

आयोजना तथा कार्यक्रमहरुलाई परेका समस्या हल गर्न प्रधामनन्त्री कार्यालयले नै पहल लिने भन्दै १५ जेठ २०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यालयमै 'एक्सन रुम' स्थापना गराएका थिए । उनले स्थापना गरेको एक्सन रुम सुरुबाटै 'एक्सन'मा गएन । २६ कात्तिक २०७७ मा तत्कालीन उपप्रधानन्त्री ईश्वर पोरखेलले एक्सन रुम निरीक्षण गरेको रेकर्ड छ भने त्यसपछि सो रुमलाई उपयोग गरिएन ।

अधिकांश समय सरकारी निवास बालुवाटारबाटै सरकार चलाएका ओलीले एक्सन रुमको उपयोग गर्ने कुनै कार्ययोजना बनाएनन् । ओलीपछि प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले त झन् 'एक्सन रुम' खोल्नै चाहेनन् । त्यसैले करिब ४ वर्षको अधिकांश समयमा एक्सन रुम 'एक्सन'विहीन रुपमै चल्यो ।

प्रधानमन्त्री कार्यालयले चासो नदिएपछि यो रुममा जोडिएका उपकरणहरुमा आयोजनाहरुबाट लाइभ फुटेज पनि आउन छाडिसकेका थिए । धेरै आयोजनामा जोडिएका सीसी टिभी क्यामेराहरु बिग्रँदा पनि मर्मत गरिएका थिएनन् ।

तर, प्रधानमन्त्री प्रचण्डले करिब साढे ३ वर्षपछि १३ असारमा यहीँबाट भेरी-बबई र सुनकोशी-मरिण डाइभर्सन परियोजनाबारे जानकारी लिएका थिए । प्रधानमन्त्री प्रचण्डले कर्मचारीहरुलाई 'एक्सन रुम'को प्रयोग गरेर ठूला आयोजनाको 'लाइभ मनिटरिङ' प्रभावकारी बनाउन र कम्तीमा महिनाको एकपटक आफूलाई पनि जानकारी गराउने कार्यतालिका बनाउन निर्देशन दिएका थिए ।

त्यसपछि १ साउनमा बसेको सचिवहरुको नियमित बैठकले एक्सन रुममा जोडिन बाँकी आयोजनाहरुलाई तुरुन्तै जोड्ने निर्णय गरेको थियो । त्यसपछि आवश्यक मर्मत सम्भार गरी 'कनेक्सन' जोडेर एक्सन रुमलाई चुस्त बनाइएको थियो ।

यद्यपि, विगतदेखि 'एक्सन रुम' चलाउन इच्छा व्यक्त गर्ने तर त्यसका लागि प्रधानमन्त्रीले नै समय व्यवस्थापन नगर्ने समस्या फेरि दोहोरिएको छ । प्रचण्ड प्रधानमन्त्री भएको ८ महिनापछि एक्सन रुम प्रयोग गरेसँगै यसको उपयोग हुने अपेक्षा गरिए पनि पुरानै शैली दोहोरिएको कार्यालयका अधिकारीहरु बताउँछन् ।

आधुनिक प्रविधियुक्त एक्सन रुमबाट आयोजनाको प्रत्यक्ष अनुगमन (लाइभ मनिटरिङ) गर्न सकिन्छ । कक्षबाट प्रधानमन्त्री, मन्त्रीहरु, मुख्य सचिव तथा सचिवहरुले आयोजना प्रमुखसँग 'लाइभ' कुराकानी र छलफल गर्न सक्छन् । यो रुममा बसेर राजमार्ग, रेलमार्ग र सिँचाइ नहरजस्ता रेखीय पूर्वाधार बाहेकका गौरवका आयोजनाहरुमा भइरहेका काम समेत प्रत्यक्ष हेर्न सकिन्छ । जलविद्युत, खानेपानी र सिँचाइ आयोजनाको हेडवर्क्स, सुरुङ, आयोजनाका मुख्य निर्माणस्थल र आयोजना कार्यालयहरुमा सीसी क्यामरासहितको आधुनिक प्रणाली जोडिएको छ । आवश्यक देखिएमा प्रधानमन्त्री तथा सचिवहरुले आयोजना प्रमुखसँग एक्सन रुमबाटै सीधै रिपोर्टिङ लिन र निर्देशन दिन पनि सक्छन् ।

अहिले केही आयोजनाको मुख्य कार्यक्षेत्रमा सीसी क्यामेरा सहितको यो सिस्टम जोडिएको छ । आयोजनाहरुमा जोडिने सीसी क्यामेराको लाइभ फुटेज २४ घण्टा नै प्रधानमन्त्री कार्यालयको प्रणालीमा आइरहन्छ । 'एक्सन रुम'मा तीनवटा ठूला मनिटर जडान गरिएका छन् । यो कक्षसँग जोडिने गरी प्रदेशका मुख्यमन्त्री तथा गौरवका आयोजना प्रमुखकोमा 'टेलिप्रिजेन्स सिस्टम' जडान गरिएको छ । यसमा इन्टरनेटका माध्यमबाट भिडियो कुराकानी गर्न सकिन्छ । आयोजनाहरुको प्रगतिको अवस्था हेरेर आवश्यक निर्देशन दिन सकिन्छ । आफ्नै सर्भर राखेर तयार गरिएको यो कक्षबाट ठूला आयोजनाको भौतिक प्रगति हेर्न र परेका समस्या सल्टाउन समेत सकिन्छ ।

प्रधानमन्त्री कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ मा एक अर्बभन्दा बढी खर्च हुने आयोजना तथा कार्यक्रमहरुको अनुगमन विशेष समिति बनाएरै गर्न समेत तयारी गरिरहेको छ । कार्यालयले मन्त्रालयहरुसहित सबै सरकारी निकायहरुसँग एक अर्बभन्दा बढी लागतका आयोजनाहरुको कार्यान्वयन योजना नै मागेर राखेको छ ।

मन्त्रालयहरुले दिएको कार्ययोजना मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको केन्द्रीय अनुगमन सूचना प्रणालीमा प्रविष्ट गरिएको छ । त्यसकै आधारमा राष्ट्रिय योजना आयोग मार्फत ठूला आयोजनाहरुको अनुगमन गर्ने सरकारको योजना छ । यस्ता कार्ययोजनाअनुसार काम भए/नभएको हेर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा अनुगमन समिति बनाएर नियमित रिपोर्टिङ लिने तयारी छ ।

यस्ता अवस्थामा प्रधानमन्त्री कार्यालयमै राष्ट्रिय गौरवका आयोजनाहरूको गतिविधि हेर्न सकिने गरी एक्सन रूम समेत तयार छ, तर प्रयोग गर्न प्रधानमन्त्री तयार छैनन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रवक्ता नारायण भट्ट 'एक्सन रुम' नियमित प्रयोग गर्ने गरी कार्ययोजना बनिरहेको बताउँछन् । 'प्रधानमन्त्रीज्यूले आवश्यक पर्दा कक्षको प्रयोग गरिरहनुभएको छ,' उनी भन्छन्, 'छिट्टै ठूला आयोजनाहरुबारे एक्सन रुमबाटै प्रधानमन्त्रीले रिपोर्टिङ लिने तयारी भइरहेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# दयाहाङको युट्युब रेकर्ड : तीन फिल्मलाई साढे २ करोड भ्यूज

काठमाडौं/अभिनेता दयाहाङ राईको स्टारडम यतिबेला उत्कर्षमा छ । सहायक भूमिकाबाट करिअर सुरु गरेका उनले अहिले आफ्नै काँधमा फिल्म बोकेर सफलताको ग्यारेन्टी गर्ने हैसियत बनाएका छन् । बलिउडका अक्षय कुमारको शैली अपनाएका उनले वर्षमै १०/१२ वटा फिल्म गर्छन् । त्यसमध्ये ३/४ फिल्म सफल हुन्छन् । यसैले अहिले उनलाई बक्स अफिसको 'हिट मेशिन' भनिने गरिएको छ ।




दयाहाङको स्टारडम हलमा मात्र होइन, युट्युबमा पनि देखिने गरेको छ । हलमा असफल भएका उनका फिल्मले समेत युट्युबमा उल्लेख्य भ्यूज पाउँछन् । त्यसो त प्राय: नेपाली फिल्म हलमा भन्दा युट्युबमै हिट हुन्छन् । हलमा स:शुल्क हेर्नुपर्ने फिल्म युट्युबमा नि:शुल्क हेर्न पाइने भएकाले भ्यूज आक्रामक हुनु सामान्य कुरा हो । तर पनि दयाहाङका फिल्मको युट्युबमा बेग्लै क्रेज देखिन्छ ।

यसपालि दशैं र तिहारमा गरि उनका तीन फिल्म युट्युबमा सार्वजनिक भए । कात्तिक १४ गते 'कबड्डी ४', कात्तिक २५ गते 'के घर के डेरा' र कात्तिक २६ गते 'बिहे पास' युट्युबमा आएका थिए । यसमध्ये 'बिहे पास' हलमा फ्लप भएको थियो भने 'के घर के डेरा' सेमी हिट हुँदा 'कबड्डी ४' ब्लकबस्टर भएको थियो । युट्युबमा यी तीन फिल्मको भ्यूज जोड्ने हो भने साढे २ करोड हाराहारी छ ।

'कबड्डी ४'लाई झण्डै एक महिनामा १ करोड १४ लाखमाथि भ्यूज मिलेको छ । यो अंक आक्रामक हो । त्यस्तै, 'के घर के डेरा'लाई दुई हप्तामा झण्डै ७० लाख र 'बिहे पास'लाई दुई हप्तामा ५७ लाख बढीले हेरेका छन् । एक महिनाको अवधिमा एउटै नायकका तीन फिल्मलाई युट्युबमा झण्डै साढे २ करोड पटक हेरिनु आफैंमा एउटा रेकर्ड हो । यसले दयाहाङको स्टारडम प्रमाणित गर्छ ।

# मलिनाको मादकता

काठमाडौं/अभिनेत्री मलिना जोशीको करिअर सन्तुलित बन्न सकेको छैन । सन् २०११ मा 'मिस नेपाल'को उपाधि जितेपछि फिल्म 'ऋतु'बाट अभिनय करिअर सुरु गरेकी उनले त्यसयता 'द विनर', 'झुम्की', 'रानी, 'तिमी हुन्छौं जहाँ जहाँ', 'लीला', 'छक्का पञ्जा ४'मा अभिनय गरिसकेकी छन् । त्यसमध्ये छोटो भूमिका रहेको 'छक्का पञ्जा ४' मात्र सफल रह्यो । तर, यो उनका लागि हर्ष न विस्मातझैं भयो ।



अहिलेसम्म उनले फिल्ममा आफ्नो अभिनय क्षमता देखाउन सक्ने भूमिका पाउन सकेकी छैनन् । जसले गर्दा उनी चर्चाबाट टाढा छिन् । र, मेकरहरुको रोजाईमा पर्न सकेकी छैनन् । अचेल उनको फिल्मभन्दा विभिन्न कार्यक्रममा उद्घोषकको रुपमा व्यस्तता बढ्न थालेको छ । दशैंअघि उनी एक कार्यक्रमको शिलशिलामा अष्ट्रेलिया पुगेकी थिइन् । उनीसँग फिल्मको भने अभाव देखिन्छ ।

पर्दाभित्र 'सफ्ट' र पर्दाबाहिर ग्ल्यामरस अभिनेत्रीको छवि बनाएकी उनले अष्ट्रेलिया घुमफिरको क्रममा वानपिस विकिनीमा समुन्द्री तटमा खिचेका तस्बीरहरु सामाजिक सञ्जालमा सेअर गर्दा मिडियामा राम्रो चर्चा भएको थियो । यसैक्रममा, सोमबार उनले 'बोल्ड ड्रेसअप'मा कैद गरेका केही तस्बीरहरु फेसबुक र इन्स्टाग्राममा राखेकी छन्, जसमा उनको मादकता र सुन्दरता झल्किएको छ ।

त्यसो त उनी ड्रेसअप छनौट गर्न निकै माहिर मानिन्छिन् । उनी आफ्नो रुचि, काम, शरीरिक बनावट र स्किनको कलरअनुसारको पहिरनमा हिँड्न रुचाउँछिन् । उनको पहिरनमा भर्सटालिटी देखिन्छ । सार्वजनिक कार्यक्रमहरुमा भने उनी साडीमा देखिने गरेकी हुन्छिन् । पहिरनमा जस्तै मलिना अब फिल्म छनौटमा गम्भीर हुन जरुरी छ । फिल्ममा उनको संख्यात्मक वृद्धि मात्र भैरहेको छ ।

# 'उडान' टिजरमा रोमान्स र द्वन्द्व

काठमाडौं/विश्वमै सर्ट फिल्म कथावाचनको एउटा सशक्त माध्यम बनिरहेको छ । र, मेकरहरुको प्रयोगशाला । ठूला फिल्म उद्योगका स्थापित निर्देशकहरुले सुरुवातमा सर्ट फिल्ममा आफूलाई प्रयोग गरेको पाइन्छ । अमेरिकामा रहँदै आएका नेपालका नीरञ्जन पाण्डेले पनि सर्ट फिल्म 'उडान'मार्फत् आफूलाई फिल्म मेकिङमा प्रयोग गरेका छन् । आइतबार यो फिल्मको टिजर सार्वजनिक गरिएको छ ।



प्रेम, रोमान्स र द्वन्द्वलाई चित्रित गरिएको टिजरमा ब्याकग्राउन्ड म्यूजिक सशक्त छ । टिजरले 'उडान'प्रति दर्शकहरुमा कौतुहलता जगाउन सक्छ । निर्देशक पाण्डे स्वयंको सम्पादन रहेको फिल्ममा अर्जुन देब्सन, विना श्रेष्ठ, गोर्विएल डेवान, रोनिन मोलास्वी, जोन हेर्जलर, यूवराज थापा, ओमार कासाराज, राजु गिलानीको अभिनय छ । यो फिल्म क्रिसमसको समयमा युट्युबमा रिलिज हुनेछ ।

फिल्ममा प्रविशा अधिकारी र सनुप पौडेलको स्वर बद्ध ५ मिनेटको गीत समेत राखिएको छ । फिल्ममा त्रिकोणात्मक प्रेमकथालाई उतारिएको निर्देशक पाण्डेले जानकारी दिए । फिल्मले अमेरिकामा रहँदै आएका नेपाली युवा-युवती र एक अमेरिकन युवाको प्रेम कथालाई प्रस्तुत गरेको छ । बलराम बुढाथोकीको छायांकन रहेको यो फिल्मलाई मुभिज इन्फिनिटी क्रियशनले निर्माण गरेको हो ।

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
**१० नं. वडा कार्यालय परिवार**

# त्रिविमा विद्यार्थीलाई प्रमाणपत्र लिनै सास्ती



काठमाडौं, ११ मंसिर/ आइतबार दिउँसो साढे २ बजे परीक्षा नियन्त्रण कार्यालय, बल्खुको गेटमा भेटिएका दिनेश कार्की स्नातक तहको ट्रान्सक्रिप्ट निकाल्नका लागि हतारिँदै फारम भर्न आइपुगेका थिए ।

ट्रान्सक्रिप्ट लिनका लागि दस्तुर बुझाउने बैंक काउन्टर ३ बजे बन्द हुने सुनेका उनले हतारकै बीच भने, 'कम्तीमा अनलाइनबाट काम हुने भए यति सास्ती त हुँदैनथ्यो !'

त्रिभुवन विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर पास गरेका देशभरका विद्यार्थीले ट्रान्सक्रिप्ट, प्रोभिजनल, माइग्रेसन, रजिष्ट्रेशन कार्ड लगायत प्रमाणपत्र लिन काठमाडौंको बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालयमै पुग्नुपर्छ । बैंकमा रकम बुझाउन सम्बन्धित कामका लागि भरेको फारम पनि भौचरसँगै बुझाउनुपर्छ । त्यसपछि उक्त फारम र बैंकमा रकम जम्मा गरेको भौचर तोकिएको कोठा नम्बरमा बुझाउनुपर्छ ।

सम्बन्धित प्रमाणपत्रको लागि फारम भर्न, बुझाउन, बैंकमा दस्तुर बुझाउन पटक-पटक लाइन लाग्नुपर्छ । त्यसपछि प्रमाणपत्र पाउन एक हप्तादेखि १५ दिनसम्म पर्खनुपर्छ । त्रिविको यस्तो झञ्झटिलो प्रक्रियाका कारण विद्यार्थीले सास्ती भोगिरहेको बताउँछन् ।

परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा ग्लोबल आईएमई बैंक र नेपाल बैंक लिमिटेडका एक्सटेन्सन काउन्टर छन् । बैंक दस्तुर तीमध्ये जुन बैंकमा बुझाए पनि हुन्छ । विद्यार्थीले त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय परिसरको नेपाल बैंक लिमिटेडको शाखामा पनि रकम जम्मा गर्न सक्छन् । दस्तुर बुझाउने ठाउँमा मात्रै एकदेखि डेढ घण्टासम्म लाइन लाग्नुपर्ने विद्यार्थीहरू बताउँछन् ।

परीक्षा नियन्त्रण कार्यालय, बल्खुमै भेटिएकी भक्तपुरकी एलिसा साख: तेस्रो पटक प्रमाणपत्रको लागि बल्खु आएको बताउँछिन् । पहिलो पटकमा ट्रान्सक्रिप्टको फारम बुझाउन, दोस्रो पटकमा ट्रान्सक्रिप्ट लिन र तेस्रो पटक माइग्रेसनको लागि फारम बुझाउन उनी बल्खु आएकी थिइन् । एलिसाले एउटा पत्र देखाउँदै भनिन्, 'यसमा क्याम्पसको छाप र क्याम्पस प्रमुखको हस्ताक्षर गराएर बुझाएपछि मात्रै माइग्रेसन पाउने मिति तय हुन्छ रे !'

पटक-पटक कार्यालयमै धाउनुपर्दा हैरान भएको उनले बताइन् । फारम भर्न, दस्तुर बुझाउन मात्रै अनलाइन सिस्टम बनाउने हो भने विद्यार्थीलाई ठूलो राहत मिल्ने उनको भनाइ छ । भन्छिन्, 'सबै कुरा अहिले नै अनलाइनमा जान नसकिए पनि फारम भर्न र दस्तुर बुझाउने त बनाउन सकिन्छ नि ! त्यति मात्रैले पनि धेरै हल्का हुन्छ । सबै कामका लागि यहीं आउनैपर्दा हैरान हुन्छ ।'

ट्रान्सक्रिप्ट निकाल्नको लागि रजिष्ट्रेसन कार्ड अनिवार्य हुनुपर्ने नियम हुँदा दुःख पाएको गुनासो गर्दै रजिष्ट्रेसन कार्डका लागि फारम भरिरहेका थिए, लक्ष्मण विष्ट । मार्कशिटमा भएको रजिष्ट्रेसन नम्बर ले हुनुपर्ने उनको तर्क छ । सवा १२ बजेदेखि ट्रान्सक्रिप्टको लागि फारम बुझाउने लाइनमा उभिए । उनको पालो आउँदा १ बज्यो । कर्मचारीहरू खाजा खान गए । सवा दुई बजे कर्मचारी आइपुगे । फारम लगायतको कागजात बुझाउँदा रजिष्ट्रेसन कार्ड पनि अनिवार्य भनियो ।

जबकि ट्रान्सक्रिप्ट निकाल्न मार्कशिटको फोटोकपी बुझाउनुपर्ने नियम छ । मार्कशिटमै रजिष्ट्रेसन नम्बर उल्लेख भए पनि रजिष्ट्रेसन कार्ड नभई नहुने नियम छ । रजिष्ट्रेसन कार्डको प्रतिलिपि निकाल्नका लागि फारम भरिरहेका लक्ष्मण विष्ट भन्दैथिए, 'त्यो नम्बर अनुसार विद्यार्थीको रेकर्ड हुने भएपछि किन कार्ड नै चाहिने हो अचम्म छ ! ३ बजेसम्म मात्रै हो रे, फारम बुझाउने यत्रो लाइन छ, आज भ्याइएला जस्तो छैन !'

सामान्यतया विद्यार्थीलाई रजिष्ट्रेसन कार्ड सम्बन्धित क्याम्पसले नै दिने गरेको छ । तर कतिपय क्याम्पसले भने सिफारिस पत्र दिएर बल्खु नै पठाउने गरेको पाइन्छ ।

मोरङ, पथरीकी सन्जया तामाङ क्याम्पसको सिफारिस पत्र लिएर रजिष्ट्रेसन कार्ड, माइग्रेसन प्रमाणपत्र, ट्रान्सक्रिप्ट लिन बल्खु पुगेकी थिइन् । रजिष्ट्रेसन कार्डको लागि फारम भरिरहेकी सन्जयाले भनिन्, 'सरले यो लिएर बल्खु जानू त्यहीं सबै दिन्छ भन्नुभएको थियो । यहाँ आएर यो सिफारिस पत्र देखाएपछि यो फारम भरेर बुझाउनु भन्नुभएको छ ।'

बल्खुको भीडभाड, जताततै लाइन देखेर आत्तिइरहेकी सन्जया साथीलाई सोध्दै थिइन्, 'कति वटा फारम भर्नुपर्ने हो ? माइग्रेसन र ट्रान्सक्रिप्टको लागि पनि भर्नुपर्छ भन्दैछन् त !'

कोहलपुरदेखि काठमाडौं घुम्न आएको बेला बहिनीको ट्रान्सक्रिप्ट झिक्न भनेर बल्खु पुगेका राकेश चन्दले त्रिविको झन्झटिलो प्रक्रियादेखि दिक्दार भएको सुनाए । 'काठमाडौं आएको मौकामा बहिनीको ट्रान्सक्रिप्ट पनि लिइदिउँ भनेर यहाँ आएको तर यहाँको अवस्था देखेर दिक्दार लाग्यो ।' दस्तुर बुझाउने ठाउँमा एक घण्टा, फारम बुझाउने ठाउँमा ४५ मिनेट उभिनुपरेको सुनाए । उनलाई ट्रान्सक्रिप्ट लिन १५ दिनपछि बोलाइएको छ ।

वीरगञ्जकी अश्मि तामाङ कक्षा १२ को माइग्रेसन प्रमाणपत्रको लागि फारम बुझाउने झ्याल बाहिर लाइनमा उभिएकी थिइन् । १५ दिनअघि अश्मि माइग्रेसन प्रमाणपत्र निकाल्न आएकी थिइन् । बल्खु पुगेपछि रजिष्ट्रेसन कार्ड विना माइग्रेसन निकाल्न नपाउने थाहा पाइन् । उनी तत्काल फर्केर वीरगञ्ज पुगिन् र रजिष्ट्रेसन लिएर आइन् ।

त्यसपछि माइग्रेसनको लागि फारम भरेको बताउँछिन् । 'अब फेरि एक हप्तापछि मात्रै हुन्छ रे भनेको सुन्छु । त्यतिञ्जेल यहाँ के खर्चले बस्नु ! त्यो झ्यालको सरहरूले के भन्नुहुन्छ अनि भोलि घर जान्छु । बोलाएको बेला आउने त होला ! ब्याचलर पढ्नको लागि बुझाउनैपर्छ', उनले सुनाइन् । अनलाइन सुविधा भएको भए आफूले यो हदको दुःख नपाउने उनको भनाइ छ ।

**प्रमाणपत्र निकाल्न "सहजीकरण" गर्नेहरू**

पछिल्लो समय बल्खु परिसरमा कागजात निकाल्न 'सहजीकरण' गर्ने व्यक्तिहरू पनि भेट्न सकिन्छ । उपत्यका बाहिरका अथवा कामकाजी विद्यार्थी, जो बल्खुमा घण्टौं लाइन लागेर प्रमाणपत्र निकाल्न सक्दैनन् त्यस्ता विद्यार्थीको प्रमाणपत्र निकालेर 'सहजीकरण' गरिरहेको उनीहरूको दाबी छ । त्यसरी विद्यार्थीको प्रमाणपत्र निकालिदिए बापत केही शुल्क लिन्छन् र सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउँछन् ।

झापा, दमकका विशाल भण्डारी (नाम परिवर्तन) स्नातक पास गरेपछि ट्रान्सक्रिप्ट र प्रोभिजनल प्रमाणपत्र लिन बल्खु पुगे । त्यसपछि थाहा पाए बाहिर जिल्लाका विद्यार्थीको दुःख । काठमाडौंमै डेरामा बसेर अध्ययन गरिरहेका विशालले दुई दिन धाएपछि प्रक्रिया पूरा गरेर फारम बुझाएको १५ दिनपछि प्रमाणपत्र पाए ।

लाइनमा भेटिएका उपत्यका बाहिर घर भएका, कामकाजी विद्यार्थीले त्रिविको प्रणालीप्रति गुनासो गरिरहेका थिए । पढ्न बाहेक अन्य काममा आवद्ध नरहेका विशालको मनमा काठमाडौं बाहिरका विद्यार्थीको समस्या समाधान गर्न सहजीकरण गर्न सकिन्छ कि भन्ने उपाय फुर्‍यो । उनले आफ्नो मनमा फुरेको उपाय परीक्षणका लागि सामाजिक सञ्जाल फेसबुकमा पेज बनाएर लेखे– 'ब्याचलर र मास्टर पास गर्नुभएको छ र त्रिविबाट सर्टिफिकेट निकाल्न समय छैन, गाह्रो भइरहेको छ भने हामीलाई सम्झनुहोस् । इक्विभ्यालेन्टको लागि पनि !'

यसमा छोडिएको सम्पर्क नम्बरमा धमाधम फोन आउन थाल्यो । त्यसपछि उनले निश्चित पारिश्रमिक शुल्क लिएर 'सहजीकरण' गरिरहेको बताउँछन् । पछिल्लो दुई महिनामा मात्रै करिब ३५ जनाको प्रमाणपत्रहरू लिएर दिइसकेको उनी बताउँछन् । उनी भन्छन्, 'फोन त धेरैको आउँछ । किनभने देशभर बाट यहीं आउनुपर्छ । तर सबै कागजात मगाउँदा हराउने डर, अविश्वास लगायत कारण केहीले मात्रै पठाउँछन् ।'

उनी भन्छन्, 'खै त्रिविले किन विद्यार्थीको समस्या बुझ्दैन । अझै पनि हामीले यहीं आएर ट्रान्सक्रिप्ट, प्रोभिजनल सर्टिफिकेट निकाल्नुपर्ने हो र ?' 'अनलाइन माध्यमबाट उपलब्ध गराए झन् सहज हुनेथियो नि है !' भन्ने प्रश्नमा उनी भन्छन्, 'त्यहाँ लाग्ने दस्तुर त लाइन लागेर बुझाउनुपर्छ, तपाईं डकुमेन्ट अनलाइन बनाउने कुरा गर्नुहुन्छ !'

करिब एक वर्षदेखि दोलखाका विकेश श्रेष्ठ (परिवर्तित नाम) ले पनि विभिन्न जिल्ला तथा कामकाजी विद्यार्थीको प्रमाणपत्र निकालेर 'सहजीकरण' गरिरहेको बताउँछन् ।

दोलखामा स्नातक पास गरेर स्नातकोत्तर पढ्न आएका विकेशको स्नातक तहको ट्रान्सक्रिप्ट, प्रोभिजनल प्रमाणपत्र दाइले निकालिदिएका कारण बल्खुमा लाग्नुपर्ने लाइन, भोग्नुपर्ने समस्याबारे साथीको ट्रान्सक्रिप्ट निकाल्न जाँदा मात्रै थाहा पाए । कमाउँदै, पढ्न काठमाडौं आएका विकेशलाई साथीभाइ, आफन्तहरूले विभिन्न प्रमाणपत्र निकालिदिन अनुरोध गर्थे ।

एक निजी संस्थामा काम सुरु गरेका विकेशलाई उता जिल्लाका साथीभाइ तथा आफन्तको अनुरोध नकार्न नसक्ने तर सहयोग गर्दा जागिर जाने अवस्था आयो । पटक-पटक बल्खु धाउँदा कतिपयले यसलाई रोजगारीको पेशा बनाएको थाहा पाए । त्यसपछि उनले पनि जागिर छाडेर यसैलाई पेशा बनाएको सुनाउँछन् ।

उनी भन्छन्, 'ट्रान्सक्रिप्ट, हराएको रजिष्ट्रेशन कार्ड, प्रोभिजनल प्रमाणपत्र लिनको लागि बल्खु पुग्नुपर्छ । काठमाडौं बस्नेले पनि विदा नै लिनुपर्छ झन् जिल्लाबाट आउँदा, जाँदा, बस्दा लाग्ने समय र खर्चको कुरै नगरौं !'

उनले विद्यार्थीको प्रमाणपत्र निकालिदिने र सम्बन्धित व्यक्तिसम्म कुरियर गरेर पठाइदिने गरेको बताउँछन् । त्यसबाट सामान्य खान, बस्न र पढ्ने खर्च जुटाइरहेको बताउँछन् । त्रिवि प्रविधिको विकाससँग अगाडि नबढ्दा विद्यार्थीले दुःख पाइरहनु परेको उनको भनाइ छ । उनी भन्छन्, 'बल्खु आयो भने थाहा हुन्छ त्रिवि कहाँ छ भनेर !'

त्रिविको झञ्झटिलो प्रक्रियाका कारण बिचौलियाहरूले विद्यार्थीलाई सहज भइरहेको झापाकी सुजाता ढुंगाना बताउँछिन् । उनी भन्छिन्, 'त्रिविको प्राथमिकतामा विद्यार्थीलाई कसरी सहज सेवा दिने भन्ने छैन । त्यो नभएपछि यस्ता बिचौलियाको सहारा लिनुपरेको छ ।' काठमाडौं जान, आउन, बस्न लाग्ने समय, खर्चको तुलनामा बिचौलियाले लिने शुल्क सस्तो पर्न जाने भएकोले धेरै विद्यार्थीले बिचौलिया मार्फत प्रमाणपत्रहरू लिने गरेको उनको बुझाइ छ ।

**क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयबाटै वितरण गर्ने तयारी**

त्रिभुवन विश्वविद्यालयले भने विद्यार्थीको प्रमाणपत्र वितरणलाई सहज बनाउनका लागि अनलाइन प्रणाली लागू गर्ने प्रक्रियामा रहेको जनाएको छ ।

विश्वविद्यालयका रजिष्ट्रार पेशल दाहालका अनुसार त्रिविले अनलाइन प्रणाली बनाउनका लागि ठेक्का लगाए पनि अझै केही समय लाग्ने भएको छ । उनले भने, 'हामीले ठेक्का दिएको कम्पनीले तीन महीनाको समय मागेको थियो । हामीले फलोअप गर्दा काम गरिरहेको तर अझै केही समय लाग्ने देखिएको छ ।'

अनलाइन प्रणाली तयार भएपछि पहिलो चरणमा त्रिविको क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमा र त्यसपछि क्याम्पससम्म जाने तयारी भइरहेको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# ३२ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइँदै

साझाकुरा संवाददाता




हेटौंडा, ११ मंसिर/३२ औं अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश हेटौंडाले सप्ताहव्यापी कार्यक्रम सोमबारदेखि सुरु गरेको छ ।

सामाजिक विकास मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै 'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धता:अपाङ्गता भएका व्यक्तिको अपनत्व सहितको ऐक्यवद्धता' भन्ने नाराका साथ प्रदेश सरकार, स्थानीय सरकार, अपाङ्गता अधिकारकर्मीहरु, नागरिकसमाज र अपाङ्गता क्षेत्रमा काम गर्ने व्यक्तिलगायतको सयुक्त समन्वयमा कार्यक्रम हुन लागेको राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशका अध्यक्ष अश्विन लम्सालले जानकारी दिए ।

सप्ताहव्यापी कार्यक्रम व्यानर प्रचारप्रसार, रेडियो टेलिभिजन संवाद, अपाङ्गता भएका व्यक्तिको राजनीतिक अधिकारको सवालमा राजनीतिक दलहरुसँग विचार गोष्ठी, रक्तदान र ब्लड प्रेसर जाँच, अपाङ्गता भएका विद्यार्थीबीच श्रृजनात्मक कार्यक्रम, युएनसीआरपिडि र एसडिजीको अन्तरसम्बन्ध बिषयमा अभिमूखीकरण, दीप प्रज्वलनसहितको ऱ्याली कोणसभा र पुरस्कार वितरण गरेर मनाईने जनाइएको छ ।

आमजनसमुदायको सहभागितामा कार्यक्रम मनाउँदा अपाङ्ग भएका व्यक्तिलाई थप प्रोत्साहन मिल्ने र अपाङ्गता समूहले पनि केही गर्न सक्छन् भन्ने सन्देश समाजमा जाने आशाले यो कार्यक्रम गरिएको अध्यक्ष लम्सालले बताए । हरेक वर्ष ३ डिसेम्बरका दिन विश्वभर अपाङ्गता दिवस मनाईन्छ । २०७८ को तथ्यांक अनुसार बागमती प्रदेशमा १ लाख २४ हजार १ सय १ अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् ।

# पालुङ जेसीजको सातवटा कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजले नियमित कार्यक्रम अन्तरगतको जेसीज सप्ताह विविध कार्यक्रम सहित मनाउने भएको छ ।

मंसिर १५ देखि १७ गतेसम्म बिभिन्न सातवटा कार्यक्रम गरी जेसीज सप्ताह मानउन लागिएको पालुङ जेसीज बर्ष २०२३ का कार्यकारिणी उपाध्यक्ष एवम् सप्ताह मूल कार्यक्रम संयोजक अञ्जय प्रधानले बताए । बिहीबार सम्पन्न पालुङ जेसीजको सातौं बोर्ड बैठकले बिभिन्न ७ वटा कार्यक्रमको मिति, स्थान सहित कार्यक्रम संयोजकहरु चयन गरिएको कोषाध्यक्ष माधव कार्कीले बताए ।

कोषाध्यक्ष कार्कीका अनुसार मंसिर १५ गते तीन कार्यक्रम हुनेछन् । बिहान ७ बजे जेसीज हलमा जेसीज सप्ताह कार्यक्रमको उद्घाटन कार्यक्रम अजित कार्कीको संयोजकत्वमा हुनेछ । बिहान १० बजे सेतीगणेश निमावि थाहा-३ मा हरचिन्द्र कार्कीको संयोजकत्वमा भरत-रत्न छात्रवृत्ति बितरण कार्यक्रम हुनेछ । बिहान ११ बजे रचना बस्नेतको संयोजकत्वमा थाहा-४ किटेनीमा रहेको किराँतेश्वर जेष्ठ नागरिक मिलन केन्द्रमा निशुल्क आँखा शिविर हुनेछ ।

मंसिर १६ गते बिहान ७ बजे सुबिन्द्रमान प्रधानको संयोजकत्वमा जेसीज मैत्रीपूर्ण व्याडमिन्टन प्रतियोगिता ब्याडमिन्टन कभर्डहल थाहा-४ मा हुनेछ भने दिउँसो ४ बजे जेसीज सभाहल परिसरमा नारायण तामाङको संयोजकत्वमा जेसीज बगैंचा निर्माण कार्यक्रम हुनेछ । सप्ताह कार्यक्रमको अन्तिम दिन मंसिर १७ गते बिहान ७ बजे जनकल्याण मावि थाहा-३ मा 'जीवन परिवर्तन' बिषयक सेमिनार बिराज थापाको संयोजकत्वमा हुनेछ । दिउँसो १ बजे 'डाडाघरे बा' को होमस्टे थाहा-२ मा समापन तथा पुरस्कार वितरण कार्यक्रम मानसिं दोङको हुनेछ ।

सामाजिक उत्तरदायित्व सहितको कार्यमा युवाको क्षमता विकासका लागि पालुङ जेसीजले विविध रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै आएको पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष एवम् नेपाल जेसीज बर्ष २०२४ का लागि राष्ट्रिय उपाध्यक्षका उम्मेद्वार संगम कार्कीले बताए । पालुङ जेसीजको जेसीज सप्ताह अन्तरगत हुने सबै कार्यक्रममा सहभागिताको लागि सम्पूर्ण सरोकारवालालाई बर्ष २०२३ का कानूनी सल्लाहकार निरज रायमाझीले अनुरोध गरे ।

# सहकारीको कार्यकुशलता कार्यशाला




साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ हेटौंडामा सोमबार एकदिने सहकारीको कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला भएको छ । मकवानपुर गढी गाउँपालिका वडा नम्बर ३ स्थित जागरण बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा १६ औं कार्यकुशलता कार्यशाला भएको हो ।

संस्थाका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघका कोषाध्यक्ष विष्णुमाया लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संस्थाका व्यवस्थापक, सहव्यवस्थापक तथा तोकिएको संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यशालामा महिला मिलन साकोस हेटौंडा, नवविकास साकोस रौतहट, प्रभात दिदीबहिनी साकोस चितवन, ग्रामीण साकोस चितवन, जनचेतना साकोस हेटौंडा, महिला अभियान साकोस भीमफेदी, सर्वशक्ति साकोस चितवन, भरतपुर जनसेवा साकोस चितवन र जागरण साकोस मकवानपुरगढीले आफ्नो संस्थाको प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा नेफ्स्कुन प्रस्तुतीकरण र पर्ल्स प्रस्तुती प्रस्तुत गरिएको थियो । कार्यक्रममा नेफ्स्कुन फिल्ड उपसमिति सदस्य राजु गौतम, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, नेफ्स्कुनका कार्यक्रम अधिकृत सन्दीपराज ढकाल र यमकला सुवेदीलगायतको आतिथ्यता रहेको थियो ।

# अनेमसंघ मकवानपुर अध्यक्षमा पुन: काफ्ले

साझाकुरा संवाददाता



हेटौंडा, ११ मंसिर/ अखिल नेपाल महिला संघ, मकवानपुर जिल्ला समितिमा पुन: सुमित्रा काफ्लेको नेतृत्वमा ५५ सदस्यीय समिति सर्वसम्मत चयन भएको छ ।

आईतवार भएको १४ औं जिल्ला सम्मेलनले काफ्लेको अध्यक्षतामा ५५ सदस्यीय समिति चयन भएको हो । समितिको उपाध्यक्षमा यशोदा उप्रेती र मनिला विष्ट, सचिवमा सुशीला मल्ल उप-सचिवमा ईन्दिरा तामाङ र कोषाध्यक्षमा सचिता भट्टराई चयन भएका छन् ।

अखिल नेपाल महिला संघका केन्द्रीय अध्यक्ष टुकाभद्र हमालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेकपा एमालेका पोलिब्युरो सदस्य देवी ज्ञवाली, बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, एमाले केन्द्रीय सदस्य जुनेली श्रेष्ठ ,केन्द्रीय सदस्य रामेश्वर राना, भारती पाठकलगायत एमाले बागमती प्रदेश समितिका पदधिकारी एवम अखिल नेपाल महिला संघ केन्द्रीय सदस्यहरु प्रदेश सदस्यहरुको आतिथ्यता थियो ।

# हिमालयन रिको प्रिमियम मूल्यमाथि कारण देखाउ आदेश

काठमाडौं, ११ मंसिर/ सर्वोच्च अदालतले हिमालयन रि-इन्स्योरेन्स कम्पनीलाई प्रिमियम मूल्यमा आईपीओ जारी गर्न अनुमति दिएको विषयमा नेपाल धितोपत्र बोर्डसँग कारण मागेको छ ।

प्रिमियम मूल्यमा आईपीओ जारी गर्न दिने अनुमतिपत्रका कारण आफूहरुसहित लगानीकर्तालाई नोक्सान भएको दावी गर्दै यामप्रसाद भट्टराई र अधिवक्ता भीमसेन रायमाझीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । न्यायाधीश डा. कुमार चुडालको इजलासले सरोकारवाला निकायहरुलाई कारण देखाउ आदेश जारी गर्दै अन्तरिम आदेशको छलफलका लागि दुवै पक्षलाई १९ मंसिरमा छलफलका लागि झिकाएको हो ।

हिमालयन रिइन्स्योरेन्स कम्पनीले प्रिमियममा जारी गर्न खोजेको आईपीओ रोक्नुपर्ने भनी रिट निवेदनमा दावी छ । प्रचलित कानुनविपरीत हिमालयन रिइन्स्योरेन्सलाई प्रिमियममा आईपीओ जारी गर्न दिएको र त्यसमा नियामक निकायको समेत मिलेमतो रहेको रिट निवेदनमा दावी छ । हिमालयन रिइन्स्योरेन्सले आधारभूत रकम १०० रुपैयाँमा थप १०६ रुपैयाँ प्रिमियम जोडेर २०६ रुपैयाँको दरले आईपीओ आह्वान गरेको छ ।


## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


## हार्दिक श्रद्धाञ्जली



जन्म: २००१ कात्तिक

स्वर्गारोहण: २०८० कात्तिक २९ गते

स्व. धनकुमारी श्रेष्ठ

हाम्रा ममतामयी माता **धनकुमारी श्रेष्ठ**को यही मिति २०८० कातिक ३० गते असामयिक स्वर्गारोहण भएकोले उहाँको आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

छोराहरु : राजु श्रेष्ठ, राजेन्द्र श्रेष्ठ
एवम्
**समस्त श्रेष्ठ परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना